सुदूरपश्चिम विश्वविद्यालय

# दार्चुला बहुमुखी क्याम्पस

खलंगा, दार्चुला, नेपाल

## वार्षिक प्रगति प्रतिवेदन २०८२/०८३

प्रकाशक

दार्चुला बहुमुखी क्याम्पस

सम्पर्क: ०९३-४२०२१९, ४२०४७८

इमेल: darchula@fwu.edu.np/dmcfu.np1@gmail.com

वेभसाइट: www.darchula@fwu.edu.np

# वार्षिक प्रगति प्रतिवेदन लेखन समिति

**संरक्षक**

उप-प्रा. नरेन्द्र राज अवस्थी

क्याम्पस प्रमुख

**संयोजक**

उप प्रा करन सिह साउद

सहायक क्याम्पस प्रमुख

**सदस्यहरु**

सहायक प्राध्यापक  खेम राज भट्ट

शैक्षिक व्यवस्थापन सूचना प्रणाली समिति संयोजक

असिस्टेन्ट जितेन्द्र धामी

शैक्षिक प्रशासन शाखा

# कार्यकारी सारांश

सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालित दार्चुला बहुमुखी क्याम्पस सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्ला महाकाली नगरपालिका वडा नम्बर ४ खलङ्गामा अवस्थित छ । वि.स. २०५९ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थापना भएको यस क्याम्पसमा शिक्षाशास्त्र संकायतर्फ स्नातक तह सञ्चालन गरिएको थियो । वि.स. २०७५ सालमा सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस भएपछि हाल यस क्याम्पसमा शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र सङ्कायका स्नातक तहतर्फ बि.एड., बि.बि.एस. र बि.डि.एस. का कार्यक्रमहरु सञ्चालनमा छन् भने स्नातकोत्तर तहतर्फ शिक्षाशास्त्र र मानविकी तथा सामाजिकशास्त्र सङ्कायका एम.एड. र एम.डि.एस. का कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८२/०८३ मा सुदूरपश्चिम विश्वविद्यालयको शैक्षिक कार्यक्रम अन्तर्गत पाँच ब्याचले स्नातकोत्तर तह पूरा गरेको छ भने स्नातक तहतर्फ शैक्षिक कार्यक्रममा तेस्रो ब्याचले स्नातक तह पुरा गरेको छ साथै चौथो ब्याच आठौं सेमेस्टरको अन्तिम परीक्षामा सहभागी भइसकेको छ ।

यस क्याम्पसको स्थापना तथा सञ्चालन गर्न र क्याम्पसले लिएको गुणस्तरीय शिक्षाको गन्तब्यलाई सहज बनाउन जिल्लामा रहेका राजनीतिक दल, सामाजिक अभियन्ता, शैक्षिक व्यक्तित्व, बुद्धिजीवी वर्ग, स्थानीय समुदाय तथा विभिन्न संघ संस्थाहरुको विशिष्ट भूमिका रहँदै आएको छ । तत्कालीन समयका जि.वि.स. सभापति गणेश सिह ठगुन्ना एवम् पूर्वमाननीयहरु इन्द्र बहादुर बंम, दिलेन्द्र प्रसाद बडू, प्रताप राम लोहारको विशेष सहयोगमा क्याम्पस स्थापना भई दार्चुला जिल्लामा नै उच्च शिक्षा हाँसिल गर्ने सपना पूरा भएको कुरा स्मरणीय छ । जिल्लाका शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रका अगुवाहरुको सक्रियता, सहयोग र सद्भावका कारण क्याम्पसले दार्चुला कै पहिलो उच्च शिक्षा प्रदायक संस्थाका रुपमा परिचय बनाएको छ ।

विश्वविद्यालय अनुदान आयोग र सुदूरपश्चिम विश्वविद्यालयको सहयोग तथा समन्वयमा क्याम्पसले शैक्षिक तथा प्रशासनिक नीति निर्माण गर्ने, जनशक्ति व्यवस्थापन र परिचालन गर्ने तथा अन्य योजनाहरू सञ्चालन गर्ने काम गर्दै आएको छ । क्याम्पसले विश्वविद्यालको परिचय स्थापित गर्ने, विश्वविद्यालयले अगाडि सारेका कार्यक्रमहरु कार्यान्वयन गर्ने र विश्वविद्यालयको नीतिअनुसार शैक्षिक एवम् प्रशासनिक कार्य सक्रियताका साथ सञ्चालन गर्ने कार्य गर्दै आएको छ । क्याम्पसको दैनिक शैक्षिक प्रशासनिक कार्यसम्पादनका लागि यस क्याम्पसमा हाल १० जना स्थायी उपप्राध्यापक, ६ जना अस्थायी सहायक प्राध्यापक, २ जना पूर्णकालीन करारमा शिक्षण सहायक, ३ जना अंशकालीन शिक्षण सहायक, १ जना विषय प्रशिक्षक एवम् ९ जना कर्मचारी गरी जम्मा ३१ जना कार्यरत रहेका छन् । शैक्षिक सत्र २०८२/०८३ मा ३८७ जना छात्रा र ९४ जना छात्र गरी ४८१ जना अध्ययनरत छन् जसमध्ये स्नातक तहतर्फ शिक्षाशास्त्र संकायमा ३०१, मानविकी तथा सामाजिकशास्त्र संकायमा ४३ र व्यवस्थापन संकायमा ८९ जना तथा स्नातकोत्तर तहको शिक्षाशास्त्र संकायमा २६ जना र मानविकी तथा सामाजिकशास्त्र संकायमा २२ जना गरी जम्मा ४८१ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

यस क्याम्पसले प्रविधिमा आधारित शैक्षणिक विधि र योजनाबद्ध शिक्षणका माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य स्वरुप कक्षा कोठाहरुमा स्मार्ट बोर्ड र सबै कक्षाहरुमा मल्टिमिडिया प्रोजेक्टर जडान गरी दैनिक शैक्षणिक कार्य सम्पादन गर्दै आएको छ । शिक्षणका लागि प्राध्यापकहरुलाई ल्यापटप उपलब्ध गराइनुका साथै प्राथमिकताका साथ मल्टिमिडिया प्रोजेक्टरको उपयोग गर्न लगाइएको छ भने प्रत्येक सेमेस्टरको सुरुमा शैक्षणिक योजना तयार पार्ने र कार्यसम्पादन भए नभएको समेत शिक्षण समितिमार्फत अनुगमन गर्ने गरिएको छ । प्राध्यापकहरुको स्वअध्ययन र शिक्षण कौशललाई प्रभावकारी बनाउन क्याम्पसले समय समयमा विषय, विधि र परीक्षा अभिमुखीकरण कार्यक्रम, सेमिनार, कार्यशाला, लघु अनुसन्धान लेखनका साथै अन्य आवश्यक शैक्षणिक कार्यहरु पनि सञ्चालन गर्दै आएको छ । विद्यार्थीहरुका लागि शैक्षिक कार्यक्रमअनुसार क्षेत्रभ्रमण, भौगोलिक भ्रमण, विद्यार्थी र प्रशासनका बिचमा बैठक तथा छलफलहरु आयोजना गर्ने गरेको छ । विद्यार्थीहरुको नेतृत्व विकास र राजनीतिक अधिकार सुनिश्चित गर्नका लागि विश्वविद्यालयको कार्यक्रमअनुसार स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचित

नेतृत्वलाई गतिशील बनाउने कार्य गरिदै आएको छ । सरोकारवाला निकायसँगको सहकार्यमा स्वास्थ्य, सामाजिक कार्य, विकास अध्ययन र जनसङ्ख्या विषयका विद्यार्थीहरूलाई विषयसम्बद्ध कार्यकलापहरुमा सहभागी गराउने गरिएको छ । सम्बन्धित समुदायमा चेतना जगाउन तथा अभ्यास शिक्षण कार्यका लागि विद्यार्थीहरुलाई स्थानीय समुदाय तथा विद्यालयहरुमा पठाइने गरिएको छ । क्याम्पसमा अध्ययरत विद्यार्थीहरुका लागि लोकसेवा आयोगका कक्षाहरु तथा अतिरिक्त कक्षाका लागि क्याम्पसले भवन उपलब्ध गराएको छ ।

सन् २०१६ देखि २०२५ सम्ममा स्नातकतहतर्फ शिक्षाशास्त्रमा उत्तीण ४१७ जना, मानविकी तथा सामाजिकशास्त्रमा १७८ जना, व्यवस्थापन सङ्कायमा १३९ जना, एवम् स्नातकोत्तरतह एम एड र एम ए तर्फ १२८ गरी जम्मा ८६१ जनाले स्थानान्तरणपत्र लिएका छन् । उत्पादित जनशक्तिमध्ये ८० प्रतिशतभन्दा बढीले सरकारी र गैरसकारी क्षेत्रमा सेवा सुरु गरेको कुरालाई क्याम्पसले उपलब्धीका रुपमा लिएको छ भने पछिल्लो समयमा यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु शिक्षक सेवा आयोगबाट लिएका परीक्षामा उत्तीर्ण भएर शिक्षण सेवामा प्रवेश गरेको अवस्थालाई क्याम्पसले गौरवका रुपमा लिएको छ । क्याम्पसले प्रदान गर्ने छात्रवृत्तिलाई वैज्ञानिक हिसाबले वितरण गर्न छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७६ को पूर्ण कार्यान्वयन गरिएको छ, साथै प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगले दिने शैक्षिकवृत्ति र छात्रवृत्तिलाई प्राप्त गर्न क्याम्पसले सहजीकरण गर्दै आएको छ ।

शिक्षण कार्यलाई खोजमूलक र प्रविधि मैत्री बनाउन पुस्तकालयमा १९,५३७ को सङ्ख्यामा विभिन्न तह र विषयका पाठ्यपुस्तकहरु तथा सन्दर्भ पुस्तकहरु राखिएको छ । जसमा शैक्षिकसत्र २०७४/०७५ मा सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन हुनुपूर्व सामुदायिक क्याम्पस हुँदा ९,७८७ पुस्तक रहेकोमा आङ्गिक भएपछि विषयगत र सन्दर्भ पुस्तक गरी जम्मा ९,७५० पुस्तक थप भएको देखिन्छ । शैक्षिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित र प्रविधिसम्मत बनाउन ४५ वटा डेस्कटप कम्प्युटर, १९ वटा ल्यापटप र १९ वटा मल्टिमिडिया प्रोजेक्टरको प्रयोग गरिदै आएको छ । दैनिक प्रशासनिक र शैक्षणिक कार्यलाई सहजता दिन १९२ जोडी ग्रिल बेन्च र ६ वटा स्मार्टबोर्डको व्यवस्था गरिएको छ । क्याम्पसका कामहरुलाई व्यवस्थित र अभिलेखीकरण गर्न सिसिटिभी क्यामेरा १६ वटा, ई-हाजिरी मेसिन १, डिजिटल क्यामेरा २, इन्भर्टर ३, ब्याट्रि ८, फोटोकपी मेसिन/प्रिन्टर ६ वटा, इन्टरनेट र फोन सुविधाका लागि एन टि फाइबरलेन्ड लाइन २ लाइन , वाटर फिल्टर एक, फ्रिज एक र एक मोटरसाइकल पनि क्याम्पसको भौतिक सम्पत्तिको रुपमा रहेको छ ।

यो वर्ष पूँजिगततर्फ २८,५०,०००। स्वीकृत बजेटमध्ये असार मसान्तसम्म **१५,१५,६६८.** रुपैयाँ **५०** पैसा खर्च भएको छ भने सञ्चालनतर्फ कुल स्वीकृत  २,३८,०४००० । मध्ये असार मसान्त सम्ममा २,६२,५५,८२४ रुपैयाँ **५२** पैसा खर्च भएको छ । पूँजिगत र सञ्चानतर्फ जम्मा स्वीकृत बजेट **२,६६,५४०००.००** मध्ये असार मसान्तसम्म **२,७७,७१,५०८** रुपैयाँ ०२ पैसा खर्च भएको छ । पछिल्लो समयमा प्रदेश सरकारको नमुना क्याम्पस कार्यक्रम कटौती, घट्दो विद्यार्थी भर्नादरले क्याम्पसमा आर्थिक समस्या निम्तिने खतरा बढेको देखिन्छ । क्याम्पसमा बढ्दो ड्रप आउटलाई रोक्न क्याम्पसले प्रभावकारी रणनीति अवलम्बन गर्नु पर्ने अवस्था सिर्जना भएको छ भने आर्थिक समस्याको समाधानमा स्थानीय सरकार, प्रदेश सरकार तथा विश्वविद्यालय केन्द्रिय कार्यालयसँग समन्वय गरी कार्यक्रमहरु अगाडि बढाउनु पर्ने देखिन्छ ।

# दार्चुला बहुमुखी क्याम्पसको बार्षिक प्रगति प्रतिवेदन २०८२/०८३

## पृष्ठभूमि

दार्चुला जिल्लाको सामाजिक र शैक्षिक अवस्थालाई मध्यनजर गरी वि.स. २०५९ सालमा स्थापित यस दार्चुला बहुमुखी क्याम्पसले स्थापनाको चौबिसौ वर्षमा प्रवेश गरेको छ । भौगोलिक विकटता, जमिनको अभाव, प्रयाप्त स्रोतसाधनको अभाव एवम् राजनैतिक उतारचढावको कारणले भौतिक पूर्वाधारमा आवश्यक विकास गर्न नसकेको यस क्याम्पसले आफ्नो स्थापना कालदेखि नै उच्चशिक्षामा दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ । क्याम्पसको विकास र समृद्धिमा राजनीतिक दलसम्बद्ध नेताहरु, समाजसेवी, शिक्षाप्रेमी, अभिभावक, व्यापारी, स्थानीय समुदाय तथा आम दार्चुलाबासीको योगदान रहेको छ । भौतिक पूर्वाधारको अभाव, शैक्षिक जनशक्तिको अभावका बिचपनि जिल्लामा उच्च शिक्षासम्बद्ध कार्यक्रम सञ्चालन र सम्पादनमा थुप्रै चुनौति र समस्याहरु देखिए पनि तमाम चुनौति र समस्याहरुलाई बौद्धिक र सृजनात्मक रुपमा व्यवस्थित गर्न, ती चुनौतिको समाधान गर्न जिल्लाको राजनीतिक, सामाजिक, शैक्षिक र प्रशासनिक नेतृत्वको सहयोग र सद्भाव महत्वपूर्ण रहेको छ । स्थापना कालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई स्नातक क्याम्पस खलंगा दार्चुलादेखि सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस वि.स. २०७५ हुँदासम्म थुप्रै उतारचढावहरु ब्यहोर्नु परेको छ । सुरुमा शिक्षाशास्त्र सङ्काय सञ्चालन गर्न सामुदायिक क्याम्पसका रुपमा स्थापित गरिएको दार्चुला बहुमुखी क्याम्पसले शै.स. २०७४/०७५ सम्म त्रिभुवन विश्वविद्यालयका कार्यक्रमहरु सफलतापूर्वक सञ्चालन गरेको थियो । शै.स. २०७५/०७६ देखि सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा समायोजन भईसकेपछि सेमेस्टर प्रणालीका शिक्षाशास्त्र संकाय, मानविकी तथा सामाजिकशास्त्र संकाय तथा व्यवस्थापन सङ्काय तर्फका कार्यक्रमहरु सञ्चालनमा छन् । यस क्याम्पसको स्थापनामा तत्कालीन जि.वि.स. सभापति तथा पूर्व संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्री माननीय श्री गणेश सिह ठगुन्ना, पूर्व प्रतिनिधि सभा सदस्य तथा पूर्व उद्योग तथा वाणिज्य मन्त्री माननीय श्री दिलेन्द्र प्रसाद बडू, संस्थापक अध्यक्ष श्री दयाकृष्ण पन्त, संस्थापकहरु पूर्वमाननीय श्री इन्द्र बहादुर बम, स्व. वीर बहादुर ठगुन्ना, श्री राम दत्त जोशी, श्री महादेव बडू, स्व. प्रताप राम लोहार, श्री मान बहादुर चन्द, श्री माधव प्रसाद भट्ट लगायत सम्पूर्ण शिक्षाप्रेमी, बुद्धिजीवी, राजनीतिज्ञ तथा समाजसेवीहरुको विशिष्ट योगदान रहेको छ । साथै क्याम्पसको विकास र स्तरोन्नतीमा दार्चुला जिल्लाका संविधानसभा सदस्य श्री लक्ष्मण दत्त जोशी, दार्चुला जिल्ला निर्वाचन क्षेत्र ख का प्रदेशसभा सदस्य एवम् पूर्व उद्योग पर्यटन तथा वन मन्त्री माननीय मान बहादुर धामी, निर्वाचन क्षेत्र क का प्रदेशसभा सदस्य एवम् सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्री माननीय विक्रम सिह धामी, पूर्व प्रदेशसभा सदस्य ग्याल्बु सिह बोहरा, पूर्व सुदूरपश्चिम प्रदेशसभा उपसभामुख निर्मला बडाल तथा जिल्लामा रहेका स्थानीय सरकार प्रमुखहरुको पनि अहम भूमिका रहेको कुरा स्मरणीय छ । क्याम्पसको शैक्षिक प्रशासनिक जग बसाल्न र विकास गर्न पूर्व क्याम्पस प्रमुखहरु श्री इन्द्र राज बडू, श्री माधव प्रसाद अवस्थी र श्री कृष्ण सिह साउदका साथै तत्कालिन सहायक प्राध्यापकहरु नरेन्द्र राज अवस्थी ( हाल क्याम्पस प्रमुख), भरत बहादुर कुँवर, जय सिह धामी, भोज राज भट्ट, यमनाथ खनाल, वर्तमान लेखापाल मदन सिह बोहरा र कार्यालय सहयोगी जगत सिह ऐरीको योगदानलाई पनि स्मरण गर्नै पर्छ । क्याम्पससँग जोडिएका सबै पक्ष र व्यक्तिहरुको अथक प्रयास, परिश्रम, सद्भाव र सहयोगका कारण हाल यो क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालनमा छ ।

वर्तमान समयको विश्वपरिवेश, विज्ञान र प्रविधिको विकास, शिक्षामा भएको नेट इन्टरनेटको प्रयोग, विश्वबजारको प्रतिस्पर्धालाई मध्यनजर गर्दै सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गरेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न क्याम्पस प्रतिबद्ध रहेको छ । वर्तमान अवस्थामा उच्च शिक्षामा गुणात्मक शिक्षा प्रदान गर्न पूर्ण सफल रहेको कुरा जिल्लाभित्र र बाहिरका विभिन्न सरकारी, गैरसरकारी, सामुदायिक एवम् निजी क्षेत्रको प्रशासनिक र शैक्षिक सेवामा यस क्याम्पसबाट उत्पादित जनशक्तिको प्रतिनिधित्वबाट प्रमाणित हुन्छ । सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन भएपछिको सङ्क्रमणकालीन समयमा क्याम्पसका शैक्षिक एवम् प्रशासनिक समस्याहरुलाई समाधान गर्न र

क्याम्पसको सर्वाङ्गीण विकास गर्न सबैको साथ र सहयोगबाट सहज भएको कुरा ज्वलन्त देखिन्छ । विश्वविद्यालयको सांगठनिक र प्रशासनिक क्षेत्रको पूर्णताले पछिल्लो समय शैक्षिक, प्रशासनिक कामकाजका साथै पाठ्यक्रम निर्माण, पाठ्यांश निर्माण, परीक्षा सञ्चालन तथा शैक्षिक कार्यक्रममा सहजता भएको छ ।

## क्याम्पसमा शैक्षिक सत्र २०८२/०८३ मा गरिएका कार्यहरु

शैक्षिक सत्र २०८२/०८३ मा नियमित शैक्षिक प्रशासनिक गतिविधिहरुसँगै गरिएका अन्य कार्यहरु यस प्रकार छन् ।

१. खोज, अनुसन्धान र विश्वविद्यालयको शिक्षण कार्यलाई सहयोग गर्ने गरी यस क्याम्पसका विद्यार्थीहरु र प्राध्यापकहरुको आवश्यक्ता र माग बमोजिम करिब २३३ दुई सय तेत्तीस थप पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरु खरिद गरी पुस्तकालयमा दाखिला गर्ने काम गरिएको छ ।
२. प्राध्यापकहरुलाई विभिन्न मितिमा विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय र विभिन्न क्याम्पसहरुले गर्ने अनुसन्धान सम्बन्धी कार्यशाला एवम् सेमिनारमामा पठाइएको छ ।
३. समय समयमा विभिन्न सेमेस्टरका परीक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
४. क्याम्पसको घेरपर्खाल निर्माण गर्नाका साथै मूलगेटमा अपाङ्गमैत्री बाटो निर्माण गरिएको छ ।
५. नवप्रवेशी विद्यार्थी, सेमेस्टर प्रणाली, पाठ्यक्रम, पाठ्याशं र पाठ्यपुस्तक सम्बन्धी अभिमुखीकरण, मूल्याङ्कन प्रक्रिया आदि विषयमा अभिमुखीकरण कार्यक्रम गरिएको छ ।
६. सेवारत पूर्णकालिन उपप्राध्यापकहरूको वृत्तिविकासका लागि यो आर्थिक वर्षमा दुई जनालाई अध्ययन विदामा पठाइएको छ ।
७. परीक्षा सञ्चालन तथा व्यवस्थापनलाई गुणस्तरिय र मर्यादित बनाउन परीक्षाहलमा सि.सि.टि.भि. जडान गर्नुका साथै क्याम्पसको सुरक्षालाई मध्यनजर गरी केही थान सि.सि.टि.भि. थप जडान गरिएको छ ।
८. विश्वविद्यालय अनुदान आयोगभन्दा बाहेक क्याम्पसबाट जम्मा भर्ना विद्यार्थी सङ्ख्याको २५ प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
९. विश्वविद्यालय अनुदान आयोगबाट प्रदान गरिने छात्रवृत्ति कार्यक्रममा यस क्याम्पसमा शैक्षिकसत्र २०८२/०८३ मा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृति आवेदन फारम भर्न लगाइएको छ ।
१०. प्राध्यापक तथा कर्मचारीहरुको वृत्तिविकास र सेवासुविधाका लागि क्याम्पसको आन्तरिक श्रोतको उपयोग गर्नुका साथै विश्वविद्यालयसँग आवश्यक पहल गरिएको छ ।
११. विश्वविद्यालयमा रहेको सेमेस्टर प्रणालीको बारेमा विद्यार्थीहरुलाई जानकारी दिन विषयगत रुपमा परामर्श कक्षाहरु लिइएको छ ।
१२.मानविकी तथा सामाजिकशास्त्र सङ्काय तथा शिक्षाशास्त्र सङ्कायका स्नातकोत्तर तहका विद्यार्थीहरुलाई शोधपत्र लेखनसम्बन्धी अभिमुखीकरण गर्न अनुसन्धान विज्ञबाट कार्यशाला सञ्चालन गरिएको छ ।
१३. विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार तथा विभिन्न निकायहरुले उपलब्ध गराउने छात्रवृत्तिसम्म विद्यार्थीहरुको पहुँच स्थापित गर्न क्याम्पसले सहयोग गर्ने गरेको छ ।
१४. स्टाफ कक्ष व्यवस्थापन, प्रशासनिक कक्ष निर्माण तथा आवश्यक मात्रामा फर्निचर खरिद गर्नका साथै क्याम्पस प्रमुखको कक्ष, सहायक क्याम्पस प्रमुखको कक्ष, प्रशासन शाखा, परीक्षा शाखा, कम्प्युटर शाखा, लेखा शाखा, विद्यार्थी कल्याण तथा खेलकुद शाखा, शैक्षिक सूचना व्यवस्थापन शाखा आदि शाखाको आधुनिक तरिकाले व्यवस्थापन गरिएको छ ।
१५. क्याम्पसका स्नातक र स्नातकोत्तर तहमा शोधकार्य र परियोजना कार्य गर्ने विद्यार्थीहरुलाई विभिन्न पालिका, संघसंस्था तथा सरकारी कार्यालयहरुमा गई अनुसन्धान गर्न सहजीकरण गरिएको छ ।

१६. क्याम्पसमा रहेको स्टाफ कक्षमा सोफा व्यवस्थापनका साथै क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको कक्षमा सोफा तथा पर्दा व्यवस्थापन गरिएको छ ।

१७. क्याम्पसले प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँगको सहयोगमा ३० थान ग्रीलबेन्च, १ थान रोस्टम, तीस सिटर कर्नरसोफा, २ थान तीन सिटर सोफा, ८ थान टेबुन र स्टाफ कक्षहरूमा झ्याल पर्दा थप गरिएको छ ।

१७. क्याम्पसले प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा आगामी आर्थिक वर्षमा पुस्तकालयको माथि एक तला थप गर्नका लागि रु उन्नाईस लाख बजेट प्राप्त गरेको छ ।

१८. क्याम्पस हाताभित्र स्वतन्त्र विद्यार्थी यूनियनको सहकार्यमा स्वास्थ्य र पर्यावरणलाई जोड्ने हिसाबले गमलामा फूल रोपेर सुन्दर क्याम्पस बनाउने कार्य सम्पन्न गरेको छ ।

१९. क्याम्पसका शैक्षिक तथा प्रशासनिक कार्यसञ्चालन सहज र गुणस्तरीय बनाउन समाजशास्त्र विषयको एकजना शिक्षण सहायक र प्रशासनतर्फ एकजना असिस्टेन्ट पदको विज्ञापन प्रकाशित गरी नियुक्ति प्रक्रिया अगाडि बढाइएको छ ।

२०. सुदूरपश्चिम सरकार सामाजिक विकास मन्त्रालयको इर्न्टनसिप कार्यक्रम अन्तरगत यस क्याम्पसबाट वि ए आठौ सेमेस्टरमा अध्ययनरत विद्यार्थी एक जना छनोट भई महाकाली नगरपालिका विपद व्यवस्थापन शाखामा तीन महिना कार्यसम्पादन गरी क्याम्पस र महाकाली नगरपालिका बिच सम्बन्ध सुधारमा थप बल मिलेको छ ।

## प्राज्ञिक/शैक्षिक प्रगति

दार्चुला बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### भर्ना प्रवृति विश्लेषण

क्याम्पसमा शैक्षिकसत्र २०८२/०८३ मा सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गरेका शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रथम सेमेस्टरतर्फ स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुको विवरण यसप्रकार प्रस्तुत गरिएको छ ।


**शैक्षिक सत्र २०८२/०८३ मा पहिलो सेमेस्टरको विद्यार्थी विवरण यसप्रकार रहेको छ :**

| | कार्यक्रम | छात्रा | छात्र | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | बी.एड्. | ८८ | १४ | – | १० | – | १०२ |
| | बी.बी.एस. | १२ | ७ | १ | – | – | १९ |
| | बी.ए. | १० | ४ | – | २ | – | १४ |
| | एम.एड्. | १४ | ६ | १ | – | – | २० |
| | एम.ए. | २ | १३ | – | १ | – | १५ |
| | | १२६ | ४४ | २ | १३ | – | १७० |

शै.स. २०८२/०८३ को भर्ना कार्यक्रमअन्तरगत शिक्षाशास्त्र सङ्काय स्नातक तहमा १०२ जना र स्नातकोत्तर तहमा २० जना गरी जम्मा १२२ जना विद्यार्थी भर्ना भएका छन् । जसमध्ये १०२ जना छात्रा र २० जना छात्र रहेका छन् । १२२ जनामा १० जना दलित र १ जना जनजाति विद्यार्थी रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ जम्मा २९ जना रहेकोमा स्नातक तहमा १० जना

छात्रा र ४ जना छात्र गरी १४ जना रहेका छन् । स्नातकोत्तर तहमा २ जना छात्रा र १३ जना छात्र विद्यार्थी भर्ना भएका छन् । व्यवस्थापन सङ्कायमा जम्मा १९ जना विद्यार्थीहरु मध्ये छात्रा १२ जना छात्रा र ७ जना छात्रहरु मध्ये १ जना जनजाति विद्यार्थी भर्ना भएका छन् । यो वर्ष स्नातक तहतर्फ १२ जना दलित र १ जना जनजाति समुदायका विद्यार्थी रहेका छन् ।

स्तम्भ चित्रमा देखाउँदा





**तह र संकायगत विद्यार्थी विवरण**

| | कार्यक्रम | छात्रा | छात्र | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र संकाय स्नातक तह | २६१ | ४० | १८ | १ | ३०१ |
| २ | व्यवस्थापन संकाय स्नातक तह | ६५ | २४ | २ | ३ | ८९ |
| ३ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तह | ३७ | ६ | ३ | – | ४३ |
| ४ | शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह | १९ | ७ | – | १ | २६ |
| ५ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह | ५ | १७ | २ | – | २२ |
| | जम्मा | ३८७ | ९४ | २५ | ५ | ४८१ |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ४८१ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा ३०१ जना रहेकोमा २६१ जना छात्रा र ४० जना छात्र रहेका छन् जसमा १८ जना दलित र ३ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा २६ जनामा १९ जना छात्रा र ७ जना छात्र रहेका छन् जसमा १ जना जनजाति विद्यार्थी अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा ३२७ जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा ४३ जना रहेकोमा ३७ जना छात्रा, ६ जना छात्र रहेका छन् जसमा ३ जना दलित रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा २२ जनामा ५ जना छात्रा र १७ जना छात्र रहेका छन् ।

मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा ६५ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्कायतर्फ जम्मा ८९ जना रहेकोमा छात्रा ६५ जना, छात्र २४ जना रहेका छन् जसमा दलित २ जना र जनजाति ३ जना अध्ययनरत छन् ।

स्तम्भचित्रमा देखाउँदा :




## शैक्षिकसत्र २०८२/०८३ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थी विवरण


यस शैक्षिक सत्रमा शिक्षाशास्त्रतर्फ स्नातक तहमा दोस्रो, चौथो, छैटौ र सातौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ दोस्रो र चौथो सेमेस्टर सञ्चालनमा रहेका छन् । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा दोस्रो, चौथो, छैटौ र सातौ चालु रहेका छन् त्यसै गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तहमा दोस्रो, चौथो, छैटौ र सातौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ दोस्रो र चौथो सेमेस्टर सञ्चालनमा रहेका छन् । विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार रहेका छन् ।

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. दोस्रो सेमेस्टर | ८२ | १४ | – | ९ | ९६ |
| २ | बि.एड्. चौथो सेमेस्टर | ७९ | १३ | १ | २ | ९२ |
| ३ | बि.एड्. छैटौ सेमेस्टर | ५१ | ९ | – | २ | ६० |
| ४ | बि.एड्. सातौ सेमेस्टर | ४९ | ४ | – | ५ | ५३ |
| ५ | बी.बी.एस्. दोस्रो सेमेस्टर | १२ | ४ | १ | – | १६ |
| ६ | बी.बी.एस्. चौथो सेमेस्टर | १८ | १० | – | – | २८ |
| ७ | बी.बी.एस्. छैटौ सेमेस्टर | १८ | ५ | २ | १ | २३ |
| ८ | बी.बी.एस्. सातौ सेमेस्टर | १७ | ५ | – | १ | २२ |
| ९ | बी.ए. दोस्रो सेमेस्टर | १० | २ | – | २ | १२ |
| १० | बी.ए. चौथो सेमेस्टर | ८ | २ | – | – | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | बी.ए. छैटौं सेमेस्टर | ११ | १ | – | १ | १२ |
| १२ | बी.ए. सातौं सेमेस्टर | ८ | १ | – | – | ९ |
| १३ | एम.एड्. दोस्रो सेमेस्टर | १४ | ६ | १ | – | २० |
| १४ | एम.एड्. चौथो सेमेस्टर | ५ | १ | – | – | ६ |
| १५ | एम्.ए. दोस्रो सेमेस्टर | २ | १३ | – | १ | १५ |
| १६ | एम्.ए. चौथो सेमेस्टर | ३ | ४ | – | १ | ७ |
| १७ | जम्मा | ३८७ | ९४ | ५ | २५ | ४८१ |

शैक्षिकसत्र २०८२/०८३ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ४८१ जना मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा ९६ जना, चौथोमा ९२ जना, छैटौमा ६० जना र सातौमा ५३ जना रहेका छन भने स्नातकोत्तरतर्फ दोस्रो सेमेस्टरमा २० जना र चौथो सेमेस्टरमा ६ जना गरी जम्मा ३२७ जना रहेका छन् ,व्यवस्थापन सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा १६ जना, चौथोमा २८ जना, छैटौमा २३ जना र सातौमा २२ जना गरी जम्मा ८९ जना रहेका छन भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा १२ जना, चौथोमा १० जना, छैटौमा १२ जना र सातौमा ९ जना रहेका छन  भने स्नातकोत्तर तहतर्फ दोस्रो सेमेस्टरमा १५ जना र चौथोमा ७ जना गरी जम्मा ६५ जना अध्ययनरत रहेका छन् ।

बहुस्तम्भ चित्रमा देखाउँदा



**शैक्षिक सत्र २०८१/०८२**


क्याम्पसमा शैक्षिकसत्र २०८१/०८२ मा सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गरेका शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रथम सेमेस्टरतर्फ स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुको विवरण यसप्रकार प्रस्तुत गरिएको छ ।

**शैक्षिक सत्र २०८१/०८२ मा पहिलो सेमेस्टरको विद्यार्थी विवरण यसप्रकार रहेको छ :**

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | ९१ | १५ | १ | ४ | – | १०६ |
| २ | बी.बी.एस. | १९ | १५ | – | १ | – | ३४ |
| ३ | बी.ए. | ११ | २ | – | – | – | १३ |
| ४ | एम.एड्. | ४ | ५ | – | १ | – | ९ |
| ५ | एम.ए. | ६ | २ | – | – | – | ८ |
| | **जम्मा** | **१३१** | **३९** | **१** | **६** | – | **१७०** |

शै.स. २०८१/०८२ को भर्ना कार्यक्रमअन्तरगत शिक्षाशास्त्र सङ्काय स्नातक तहमा १०६ जना र स्नातकोत्तर तहमा ९ जना गरी जम्मा ११५ जना विद्यार्थी भर्ना भएका छन् । जसमध्ये ९५ जना छात्रा र २० जना छात्र रहेका छन् तिन ११५ जनामा ५ जना दलित र १ जना जनजाति विद्यार्थी रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ जम्मा २१ जना रहेकोमा स्नातक तहमा ११ जना छात्रा र २ जना छात्र गरी १३ जना रहेका छन् । स्नातकोत्तर तहमा ६ जना छात्रा र २ जना छात्र विद्यार्थी भर्ना भएका छन् । व्यवस्थापन सङ्कायमा जम्मा ३४ जना विद्यार्थीहरु मध्ये छात्रा १९ जना छात्रा र १५ जना छात्रहरु मध्ये १ जना दलित विद्यार्थी भर्ना भएका छन् । यो वर्ष स्नातक तहतर्फ ५ जना दलित र १ जना जनजाति समुदायका विद्यार्थी रहेका छन् ।

स्तम्भ चित्रमा देखाउँदा :




**तह र संकायगत विद्यार्थी विवरण**

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र संकाय स्नातक तह | २६५ | ३८ | १४ | २ | ३०३ |
| २ | व्यवस्थापन संकाय स्नातक तह | ७२ | ४० | ५ | २ | ११२ |
| ३ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तह | ५४ | ८ | २ | – | ६२ |
| ४ | शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह | १५ | ५ | – | १ | २० |
| ५ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह | ५ | ८ | – | – | १३ |
| **जम्मा** | | **४११** | **९९** | **२१** | **५** | **५१०** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ५१० रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा ३०३ जना रहेकोमा २६५ जना छात्रा र ३८ जना छात्र रहेका छन् जसमा १४ जना दलित र २ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा २० जनामा १५ जना छात्रा र ५ जना छात्र रहेका छन् जसमा १ जना जनजाति विद्यार्थी अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा ३२३ जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा ६२ जना रहेकोमा ५४ जना छात्रा, ८ जना छात्र रहेका छन् जसमा २ जना दलित रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा १३ जनामा ५ जना छात्रा र ८ जना छात्र रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा ७५ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्कायतर्फ जम्मा ११२ जना रहेकोमा छात्रा ७२ जना, छात्र ४० जना रहेका छन् जसमा दलित ५ जना र जनजाति २ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा :



**शैक्षिकसत्र २०८१/०८२ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थी विवरण**


यस शैक्षिक सत्रमा शिक्षाशास्त्रतर्फ स्नातक तहमा दोस्रो, चौथो, पाँचौ, सातौ र आठौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ प्रथम र तेस्रो सेमेस्टर सञ्चालनमा रहेका छन् । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा दोस्रो, चौथो, पाँचौ, सातौ र आठौ चालु रहेका छन् त्यसै गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तहमा दोस्रो, चौथो, पाँचौ, सातौ र आठौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ प्रथम र तेस्रो सेमेस्टर सञ्चालनमा रहेका छन् । विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार रहेका छन् ।

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. दोस्रो सेमेस्टर | ९० | १४ | १ | ४ | १०४ |
| २ | बि.एड्. चौथो सेमेस्टर | ५७ | ११ | – | ३ | ६८ |
| ३ | बि.एड्. पाँचौ सेमेस्टर | ५७ | ५ | – | ४ | ६२ |
| ४ | बि.एड्. सातौ सेमेस्टर | २१ | २ | – | १ | २३ |
| ५ | बि.एड्. आठौ सेमेस्टर | ४० | ६ | १ | २ | ४६ |
| ६ | बी.बी.एस्. दोस्रो सेमेस्टर | २० | १४ | – | २ | ३४ |
| ७ | बी.बी.एस्. चौथो सेमेस्टर | १८ | ८ | २ | १ | २६ |
| ८ | बी.बी.एस्. पाँचौ सेमेस्टर | १७ | ५ | – | १ | २२ |
| ९ | बी.बी.एस्. सातौ सेमेस्टर | ९ | ११ | – | १ | २० |
| १० | बी.बी.एस्. आठौ सेमेस्टर | ८ | २ | – | – | १० |
| ११ | बी.ए. दोस्रो सेमेस्टर | ११ | २ | – | – | १३ |
| १२ | बी.ए. चौथो सेमेस्टर | ११ | १ | – | १ | १२ |
| १३ | बी.ए. पाँचौ सेमेस्टर | ८ | १ | – | – | ९ |
| १४ | बी.ए. सातौ सेमेस्टर | १३ | – | – | – | १३ |
| १५ | बी.ए. आठौ सेमेस्टर | ११ | ४ | – | १ | १५ |
| १६ | एम.एड्. पहिलो सेमेस्टर | ६ | २ | – | – | ८ |
| १७ | एम.एड्. तेस्रो सेमेस्टर | ९ | ३ | १ | – | १२ |
| १८ | एम्.ए. पहिलो सेमेस्टर | ४ | ५ | – | – | ९ |
| १९ | एम्.ए. तेस्रो सेमेस्टर | १ | ३ | – | – | ४ |
| **जम्मा** | | **४११** | **९९** | **५** | **२१** | **५१०** |

शैक्षिकसत्र २०८१/०८२ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ५१० जना मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा १०४ जना, चौथोमा ६८ जना, पाँचौमा ६२ जना, सातौमा २३ जना र आठौमा ४६ जना रहेका छन भने स्नातकोत्तरतर्फ पहिलो सेमेस्टरमा ८ जना र तेस्रो सेमेस्टरमा १२ जना गरी जम्मा ३२३ जना रहेका छन्, व्यवस्थापन सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा ३४ जना, चौथोमा २६ जना, पाँचौमा २२ जना, सातौँमा २० जना र आठौँमा १० जना रहेका छन भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह दोस्रो सेमेस्टरमा १३ जना, चौथोमा १२ जना, पाँचौमा ९ जना, सातौँमा १३ जना र आठौँमा १५ जना रहेका छन भने

स्नातकोत्तर तहतर्फ पहिलो सेमेस्टरमा ९ जना र तेस्रोमा ४ जना गरी जम्मा ७५ जना अध्ययनरत रहेका छन् ।

बहुस्तम्भ चित्रमा देखाउँदा




**शैक्षिक सत्र २०८०/०८१**


यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ २७० जना र स्नातकोत्तरतर्फ १९ जना गरी २८९ जना विद्यार्थी अध्ययनरत थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ ९२ जना र स्नातकोत्तरतर्फ १९ जना गरी १११ जना अध्ययनरत थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातकतहमा ९८ जना अध्ययनरत थिए । यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ :

**तह र संकायगत विद्यार्थी विवरण**

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र संकाय स्नातक तह | २३३ | ३७ | १४ | १ | २७० |
| २ | व्यवस्थापन संकाय स्नातक तह | ६५ | ३३ | ४ | २ | ९८ |
| ३ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तह | ७७ | १५ | ४ | – | ९२ |
| ४ | शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह | १६ | ३ | – | १ | १९ |
| ५ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह | २ | १७ | २ | – | १९ |
| **जम्मा** | | **३९३** | **१०५** | **२४** | **४** | **४९८** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ४९८ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा २७० जना रहेकोमा २३३ जना छात्रा र ३७ जना छात्र रहेका छन् जसमा १४ जना दलित र १ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा १९ जनामा १६ जना छात्रा र ३ जना छात्र रहेका छन् जसमा १ जना जनजाति विद्यार्थी अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा २८९ जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा ९२ जना रहेकोमा ७७ जना छात्रा, १५ जना छात्र रहेका छन् जसमा ४ जना दलित रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा १९ जनामा २ जना छात्रा र १७ जना छात्र रहेका छन् जसमा २ जना दलित विद्यार्थी रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा १११ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्कायतर्फ जम्मा ९९ जनामा स्नातक तहमा ९९ जना रहेकोमा छात्रा ६५ जना, छात्र ३४ जना रहेका छन् जसमा दलित ४ जना र जनजाति २ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा :




**शैक्षिक सत्र २०८०/०८१ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थी विवरण**


यस शैक्षिक सत्रमा शिक्षाशास्त्रतर्फ स्नातक तहमा प्रथम, तेस्रो, पाँचौ, छैठौ र आठौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ प्रथम र तेस्रो सेमेस्टर सञ्चालनमा रहेका छन् । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा प्रथम, तेस्रो, पाँचौ र छैठौ चालु रहेका छन् त्यसै गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तहमा प्रथम, तेस्रो, पाँचौ, छैठौ र आठौ सेमेस्टर सञ्चालन भएका छन् भने स्नातकोत्तरतर्फ प्रथम र तेस्रो सेमेस्टर सञ्चालनमा रहेका छन् । विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार रहेका छन् ।

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. पहिलो सेमेस्टर | ६९ | १६ | – | २ | ८५ |
| २ | बि.एड्. तेस्रो सेमेस्टर | ५९ | ६ | – | ५ | ६५ |
| ३ | बि.एड्. पाँचौ सेमेस्टर | २८ | २ | – | १ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बि.एड्. छैटौँ सेमेस्टर | ४५ | ६ | १ | २ | ५१ |
| ५ | बि.एड्. आठौँ सेमेस्टर | ३२ | ७ | – | ४ | ३९ |
| ६ | बी.बी.एस्. पहिलो सेमेस्टर | २६ | १३ | १ | १ | ३९ |
| ७ | बी.बी.एस्. तेस्रो सेमेस्टर | २० | ७ | – | २ | २७ |
| ८ | बी.बी.एस्. पाँचौ सेमेस्टर | ९ | ११ | – | १ | २० |
| ९ | बी.बी.एस्. छैटौँ सेमेस्टर | १० | २ | १ | | १२ |
| १० | बी.ए. पहिलो सेमेस्टर | १४ | ३ | – | १ | १७ |
| ११ | बी.ए. तेस्रो सेमेस्टर | १० | २ | – | १ | १२ |
| १२ | बी.ए. पाँचौ सेमेस्टर | १५ | १ | – | – | १६ |
| १३ | बी.ए. छैटौँ सेमेस्टर | १२ | ५ | – | २ | १७ |
| १४ | बी.ए. आठौँ सेमेस्टर | २६ | ४ | – | – | ३० |
| १५ | एम.एड्. पहिलो सेमेस्टर | १० | ३ | १ | – | १३ |
| १६ | एम.एड्. तेस्रो सेमेस्टर | ६ | | – | – | ६ |
| १७ | एम्.ए. पहिलो सेमेस्टर | २ | ६ | – | – | ८ |
| १८ | एम्.ए. तेस्रो सेमेस्टर | – | ११ | – | – | ११ |
| **जम्मा** | | **३९३** | **१०५** | **४** | **२४** | **४९८** |

शैक्षिक सत्र २०८०/०८१ मा सेमेस्टरगत अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ४९८ जना मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ८५ जना, तेस्रोमा ६५ जना, पाँचौमा ३० जना, छैठौमा ५१ जना र आठौमा ३९ जना रहेका छन भने स्नातकोत्तरतर्फ पहिलो सेमेस्टरमा १३ जना र तेस्रो सेमेस्टरमा ६ जना गरी जम्मा २८९ जना रहेका छन् , व्यवस्थापन सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ३९ जना, तेस्रोमा २७ जना, पाँचौमा २० जना, छैठौमा १२ जना गरी जम्मा ९८ जना रहेका छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा १७ जना, तेस्रोमा १२ जना, पाँचौमा १६ जना, छैठौमा १७ जना र आठौमा ३० जना रहेका छन भने स्नातकोत्तर तहतर्फ पहिलो सेमेस्टरमा ८ जना र तेस्रोमा ११ जना गरी जम्मा १११ जना अध्ययनरत रहेका छन् ।

बहुस्तम्भ चित्रमा देखाउँदा




**शैक्षिक सत्र २०७९/०८०**

यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ २८१ जना र स्नातकोत्तरतर्फ १९ जना गरी ३०० जना विद्यार्थी अध्ययनरत थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ १२० जना र स्नातकोत्तरतर्फ ३६ जना गरी १५६ जना अध्ययनरत थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा सेमेस्टर प्रणालिअन्तरगत ८७ जना र वार्षिक परीक्षा प्रणालिअन्तरगत २८ जना गरी ११५ जना अध्ययनरत थिए । यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ :

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र संकाय स्नातक तह | २३३ | ४८ | १६ | २ | २८१ |
| २ | व्यवस्थापन संकाय स्नातक तह | ७७ | ३८ | ४ | ३ | ११५ |
| ३ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तह | ९८ | २२ | ५ | १ | १२० |
| ४ | शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह | १३ | ६ | – | – | १९ |
| ५ | मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह | १३ | २३ | – | – | ३६ |
| **जम्मा** | | ४३४ | १३७ | २५ | ६ | ५७१ |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ५७१ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा २८१ जना रहेकोमा २३३ जना छात्रा र ४८ जना छात्र रहेका छन् जसमा १६ जना दलित र २ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा १९ जनामा १३ जना छात्रा र ६ जना छात्र अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा ३०० जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा १२० जना रहेकोमा ९८ जना छात्रा, २२ जना छात्र रहेका छन् जसमा ५ जना दलित र १ जना जनजाति विद्यार्थी रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा ३६ जनामा १३ जना छात्रा र २३ जना छात्र विद्यार्थी गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा १५६ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्काय स्नातक तहतर्फ जम्मा ११५ जनामा ७७ छात्रा र ३८ जना छात्र रहेका छन् जसमा दलित ४ जना र जनजाति ३ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा :



शैक्षिक सत्र २०७९/०८० मा विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार छ;

| क.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ७५ | ६ | – | ८ | ८१ |
| २ | बि.एड्. तेस्रो सेमेस्टर | ३७ | १२ | – | १ | ४९ |
| ३ | बि.एड्. चौथो सेमेस्टर | ५२ | ७ | १ | – | ५९ |
| ४ | बि.एड्.छैठौं सेमेस्टर | ३४ | ८ | – | ४ | ४२ |
| ५ | बि.एड्. आठौं सेमेस्टर | ३५ | १५ | १ | ३ | ५० |
| ६ | बी.बी.एस्. प्रथम सेमेस्टर | २६ | ८ | – | १ | ३४ |
| ७ | बी.बी.एस्. तेस्रो सेमेस्टर | १५ | १६ | – | १ | ३१ |
| ८ | बी.बी.एस्. चौथो सेमेस्टर | १५ | ७ | २ | २ | २२ |
| ९ | बी.बी.एस्. चतुर्थ वर्ष | २१ | ७ | १ | | २८ |
| १० | बी.ए. प्रथम सेमेस्टर | १३ | ३ | – | १ | १६ |
| ११ | बी.ए. तेस्रो सेमेस्टर | २४ | ४ | – | – | २८ |
| १२ | बी.ए. चौथो सेमेस्टर | १७ | ७ | – | ३ | २४ |
| १३ | बी.ए. छैठौं सेमेस्टर | २७ | ४ | – | – | ३१ |
| १४ | बी.ए. आठौं सेमेस्टर | १७ | ४ | १ | १ | २१ |
| १५ | एम.एड्. प्रथम सेमेस्टर | ८ | २ | – | – | १० |
| १६ | एम.एड्. तेस्रो सेमेस्टर | ५ | ४ | – | – | ९ |
| १७ | एम्.ए. प्रथम सेमेस्टर | – | ११ | – | – | ११ |
| १८ | एम्.ए. तृतीय सेमेस्टर | १३ | १२ | – | – | २५ |
| **जम्मा** | | **४३४** | **१३७** | **६** | **२५** | **५७१** |

शैक्षिकसत्र २०७९/०८० मा सेमेस्टरगत अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ५७१ मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ८१ जना, तेस्रोमा ४९ जना, चौथोमा ५९ जना, छैठौमा ४२ जना र आठौमा ५० जना रहेका थिए भने स्नातकोत्तरतर्फ पहिलो सेमेस्टरमा १० जना र तेस्रो सेमेस्टरमा ९ जना गरी जम्मा ३०० जना रहेका थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ३४ जना, तेस्रोमा ३१ जना, चौथोमा २२ जना, चौथो बर्षमा २८ जना गरी जम्मा ११५ जना रहेका थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा १६ जना, तेस्रोमा २८ जना, चौथोमा २४ जना, छैठौमा ३१ जना र आठौमा २१ जना रहेका थिए भने स्नातकोत्तर तहतर्फ पहिलो सेमेस्टरमा ११ जना र तेस्रोमा २५ जना गरी जम्मा १५६ जना अध्ययनरत रहेका थिए ।

**शैक्षिक सत्र २०७८/०७९:**


शैक्षिक सत्र २०७८/०७९ मा स्नातक तथा स्नातकोत्तर तहमा नयाँ भर्ना हुनुभन्दा पहिले जम्मा ५५९ जना विद्यार्थीहरु क्याम्पसमा अध्ययनरत थिए । तिनीहरुमध्ये १८१ जना छात्र र ३७८ जना छात्रा रहेका थिए । नयाँ भर्ना हुनुभन्दा पहिले स्नातक तहमा ४८४ र स्नातकोत्तरतर्फ ७५ जना विद्यार्थी अध्ययनरत थिए । शिक्षाशास्त्रको स्नातक तर्फ २१७ र स्नातकोत्तरतर्फ २४ जना तथा मानविकीको स्नातकतर्फ १३६ र स्नातकोत्तरतर्फ ५१ जना विद्यार्थी रहेका थिए । व्यवस्थापन सङ्कायमा भने ५१ जना छात्र र ८० जना छात्रा गरी १३१ जना विद्यार्थीहरु स्नातक तहमा रहेका थिए ।

शैक्षिक सत्र २०७८/०७९ सालमा विभिन्न कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको विवरण :

| **क.स.** | **कार्यक्रम** | **विद्यार्थी सङ्ख्या** | | | | |
|---|---|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जनजाति** | **दलित** | **जम्मा** |
| १ | शिक्षाशास्त्र सङ्काय स्नातक तह | १६२ | ५५ | १ | १२ | २१७ |
| २ | व्यवस्थापन सङ्काय स्नातक तह | ८० | ५१ | ३ | ३ | १३१ |
| ३ | मानविकी सङ्काय स्नातक तह | १०४ | ३२ | ३ | ५ | १३६ |
| ४ | शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह | १५ | ९ | – | – | २४ |
| ५ | मानविकी सङ्काय स्नातकोत्तर तह | १७ | ३४ | – | – | ५१ |
| **जम्मा** | | **३७८** | **१८१** | **७** | **२०** | **५५९** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ५५९ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा २१७ जना रहेकोमा १६२ जना छात्रा र ५५ जना छात्र रहेका छन् जसमा १२ जना दलित र १ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा २४ जनामा १५ जना छात्रा र ९ जना छात्र अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा २४१ जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा १३६ जना रहेकोमा १०४ जना छात्रा, ३२ जना छात्र रहेका छन् जसमा ५ जना दलित र ३ जना जनजाति विद्यार्थी रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा ५१ जनामा १७ जना छात्रा र ३४ जना छात्र विद्यार्थी गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा १८७ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्काय स्नातकतहतर्फ जम्मा १३१ जनामा ८० छात्रा र ५१ जना छात्र रहेका छन् जसमा दलित ३ जना र जनजाति ३ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा :




**शैक्षिक सत्र: २०७७/०७८**

यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ २०७ जना र स्नातकोत्तरतर्फ ६ जना गरी २१३ जना विद्यार्थी अध्ययनरत थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ ११२ जना र स्नातकोत्तरतर्फ ४२ जना गरी १५४ जना अध्ययनरत थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा ८९ जना अध्ययनरत थिए । यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ :

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १६१ | ४६ | १ | ११ | – | २०७ |
| २ | बी.बी.एस्. | ५४ | ३५ | २ | – | – | ८९ |
| ३ | बी.ए. | ८० | ३२ | १ | २ | – | ११२ |
| ४ | एम्.एड्. | ५ | १ | – | – | – | ६ |
| ५ | एम्.ए. | ६ | ३६ | – | – | – | ४२ |
| **जम्मा** | | **३०६** | **१५०** | **४** | **१३** | – | **४५६** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ४५६ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा २०७ जना रहेकोमा १६१ जना छात्रा र ४६ जना छात्र रहेका छन् जसमा ११ जना दलित र १ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा ६ जनामा ५ जना छात्रा र १ जना छात्र अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा २१३ जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा ११२ जना रहेकोमा ८० जना छात्रा, ३२ जना छात्र रहेका छन् जसमा २ जना दलित र १ जना जनजाति विद्यार्थी रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा ४२ जनामा ६ जना छात्रा र ३६ जना छात्र विद्यार्थी गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा १५४ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्काय स्नातक तहतर्फ जम्मा ८९ जनामा ५४ छात्रा र ३५ जना छात्र रहेका छन् जसमा दलित २ जना र जनजाति १ जना अध्ययनरत छन् ।

स्तम्भचित्रमा देखाउँदा



यो शैक्षिक सत्रको वर्ष र सेमेस्टरगत विद्यार्थी वितरण यसप्रकार रहेको छः

| क.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ६३ | १२ | – | ७ | ७५ |
| २ | बि.एड्. तृतीय सेमेस्टर | ४८ | १९ | – | ३ | ६७ |
| ३ | बि.एड्. तृतीय वर्ष | २४ | ६ | १ | – | ३० |
| ४ | बि.एड्. चतुर्थ वर्ष | २६ | ९ | – | १ | ३५ |
| ५ | बी.बी.एस्. प्रथम वर्ष | २४ | १३ | १ | – | ३७ |
| ६ | बी.बी.एस्. द्वितीय वर्ष | २२ | ६ | – | – | २८ |
| ७ | बी.बी.एस्. तृतीय वर्ष | ६ | ६ | १ | – | १२ |
| ८ | बी.बी.एस्. चतुर्थ वर्ष | २ | १० | – | – | १२ |
| ९ | बी.ए. प्रथम सेमेस्टर | ४२ | १४ | – | १ | ५६ |
| १० | बी.ए. तृतीय सेमेस्टर | २१ | ६ | १ | १ | २७ |
| ११ | बी.ए. तृतीय वर्ष | १७ | १२ | – | – | २९ |
| १२ | एम.एड्. प्रथम सेमेस्टर | – | – | – | – | – |
| १३ | एम.एड्. द्वितीय सेमेस्टर | ५ | १ | – | – | ६ |
| १४ | एम्.ए. प्रथम सेमेस्टर | २ | १६ | – | – | १८ |
| १५ | एम्.ए. द्वितीय सेमेस्टर | ४ | २० | – | – | २४ |
| **जम्मा** | | **३०६** | **१५०** | **४** | **१३** | **४५६** |

शैक्षिकसत्र २०७७/०७८ मा सेमेस्टरगत तथा बार्षिक प्रणालीमा अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ४५६ मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ७५ जना, तेस्रोमा ६७ जना, तृतीय वर्षमा ३० जना, चतुर्थ वर्षमा ३५ जना रहेका थिए भने स्नातकोत्तरतर्फ द्वितीय सेमेस्टरमा ६ जना गरी जम्मा २१३ जना रहेका थिए। व्यवस्थापन सङ्कायतर्फ स्नातक तह पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ३७, २८, १२, १२ गरी जम्मा ८९ जना रहेका थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ५६ जना, तेस्रोमा २७ जना र तेस्रो वर्षमा २९ जना रहेका थिए भने स्नातकोत्तर तहतर्फ पहिलो सेमेस्टरमा १८ जना र तेस्रोमा २४ जना गरी जम्मा १५४ जना अध्ययनरत रहेका थिए।


**शैक्षिक सत्रः २०७६/०७७**

यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ २३७ जना र स्नातकोत्तरतर्फ २३ जना गरी २६० जना विद्यार्थी अध्ययनरत थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ ११६ जना र स्नातकोत्तरतर्फ ५३ जना गरी १६९ जना अध्ययनरत थिए। व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा १०७ जना अध्ययनरत थिए। यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ :

| क.स. | कार्यक्रम | छात्रा | छात्र | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १८५ | ५२ | ३ | १२ | - | २३७ |
| २ | बी.बी.एस्. | ७५ | ३२ | २ | - | - | १०७ |
| ३ | बी.ए. | ८८ | २८ | ४ | ४ | - | ११६ |
| ४ | एम्.एड्. | ११ | १२ | - | - | - | २३ |
| ५ | एम्.ए. | १० | ४३ | - | - | - | ५३ |
| **जम्मा** | | **३६९** | **१६७** | **९** | **१७** | **-** | **५३६** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ५३६ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा २३७ जना रहेकोमा १८५ जना छात्रा र ५२ जना छात्र रहेका छन् जसमा १२ जना दलित र ३ जना जनजाति रहेका छन् यस्तै स्नातकोत्तर तहमा जम्मा २३ जनामा ११ जना छात्रा र १२ जना छात्र अध्ययनरत छन् । यसरी शिक्षाशास्त्र सङ्कायमा जम्मा २६० जना विद्यार्थी अध्ययनरत छन् भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा ११६ जना रहेकोमा ८८ जना छात्रा, २८ जना छात्र रहेका छन् जसमा ४ जना दलित ४ जना जनजाति विद्यार्थी रहेका छन भने स्नातकोत्तरतर्फ जम्मा ५३ जनामा १० जना छात्रा र ४३ जना छात्र विद्यार्थी गरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा जम्मा १६९ जना अध्ययनरत छन् । व्यवस्थापन सङ्काय स्नातक तहतर्फ जम्मा १०७ जनामा ७५ छात्रा र ३२ जना छात्र रहेका छन् जसमा जनजाति २ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा




यो शैक्षिक सत्रको वर्ष र सेमेस्टरगत विद्यार्थी वितरण यसप्रकार रहेको छ:

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ६९ | १५ | १ | ८ | ८४ |
| २ | बि.एड्. तृतीय सेमेस्टर | ५५ | २१ | १ | ३ | ७६ |
| ३ | बि.एड्. तृतीय वर्ष | ३१ | ७ | १ | – | ३८ |
| ४ | बि.एड्. चतुर्थ वर्ष | ३० | ९ | – | १ | ३९ |
| ५ | बी.बी.एस्. प्रथम वर्ष | २५ | १३ | १ | – | ३८ |
| ६ | बी.बी.एस्. द्वितीय वर्ष | २४ | ७ | – | – | ३१ |
| ७ | बी.बी.एस्. तृतीय वर्ष | १० | ९ | १ | – | १९ |
| ८ | बी.बी.एस्. चतुर्थ वर्ष | १६ | ३ | – | – | १९ |
| ९ | बी.ए. प्रथम सेमेस्टर | ४४ | १३ | २ | १ | ५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | बी.ए. तृतीय सेमेस्टर | २६ | ५ | २ | २ | ३१ |
| ११ | बी.ए. तृतीय वर्ष | १८ | १० | – | १ | २८ |
| १२ | एम.एड्. प्रथम सेमेस्टर | ५ | ७ | – | – | १२ |
| १३ | एम.एड्. द्वितीय सेमेस्टर | ७ | ४ | – | १ | ११ |
| १४ | एम्.ए. प्रथम सेमेस्टर | ६ | १८ | – | – | २५ |
| १५ | एम्.ए. द्वितीय सेमेस्टर | ४ | २४ | – | – | २८ |
| **जम्मा** | | **३६९** | **१६७** | **९** | **१७** | **५३६** |

शैक्षिकसत्र २०७६/०७७ मा सेमेस्टरगत तथा बार्षिक प्रणालीमा अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ५३६ मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ८४ जना, तेस्रोमा ७६ जना, तृतीय वर्षमा ३८ जना, चतुर्थ वर्षमा ३९ जना रहेका थिए भने स्नातकोत्तरतर्फ प्रथम सेमेस्टरमा १२ जना र द्वितीय सेमेस्टरमा ११ जना गरी जम्मा २६० जना रहेका थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातक तह पहिला दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमश : ३८, ३१, १९, १९ गरी जम्मा १०७ जना रहेका थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ५७ जना, तेस्रोमा ३१ जना, र तेस्रो वर्षमा २८ जना रहेका थिए भने स्नातकोत्तर तहतर्फ पहिलो सेमेस्टरमा २५ जना र दोस्रोमा २८ जना गरी जम्मा १६९ जना अध्ययनरत रहेका थिए ।


**शैक्षिक सत्रः २०७५/०७६**

यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ १६० जना विद्यार्थी अध्ययनरत थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ १११ जना अध्ययनरत थिए । व्यवस्थापन सङ्कायतर्फ स्नातक तहमा ८३जना अध्ययनरत थिए । यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ :

| क्र.स. | कार्यक्रम | छात्रा | छात्र | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १२१ | ३९ | १ | ४ | – | १६० |
| २ | बी.बी.एस्. | ४४ | ३९ | – | १ | – | ८३ |
| ३ | बी.ए. | ७४ | ३७ | १ | ३ | – | १११ |
| **जम्मा** | | **२३९** | **११५** | **२** | **८** | – | **३५४** |

यस शैक्षिक सत्रमा क्याम्पसमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या ३५४ रहेका छन् । शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा १६० जना रहेकोमा १२१ जना छात्रा र ३९ जना छात्र रहेका छन् जसमा ४ जना दलित र १ जना जनजाति रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकतर्फ जम्मा १११ जना रहेकोमा ७४ जना छात्रा, ३७ जना छात्र रहेका छन् जसमा ३ जना दलित १ जना जनजाति विद्यार्थी रहेका छन् र व्यवस्थापन सङ्काय स्नातक तहतर्फ जम्मा ८३ जनामा ४४ छात्रा र ३९ जना छात्र रहेका छन् जसमा दलित १ जना अध्ययनरत छन् ।

स्तम्भ चित्रमा देखाउँदा :




यो वर्षको तह र वर्षगत विद्यार्थी विवरणलाई देहाय अनुसार देखाउन सकिन्छ:


| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | २३ | ६३ | १ | ३ | ८६ |
| २ | बि.एड्. द्वितीय वर्ष | १० | ३६ | – | १ | ४६ |
| ३ | बि.एड्. तृतीय वर्ष | ६ | २२ | – | – | २८ |
| ४ | बि.बि.एस्. प्रथम वर्ष | ७ | २१ | – | – | ३१ |
| ५ | बि.बि.एस्. द्वितीय वर्ष | १७ | ४ | – | – | २१ |
| ६ | बि.बि.एस्. तृतीय वर्ष | १० | ९ | – | १ | १९ |
| ७ | बि.बि.एस्. चतुर्थ वर्ष | ५ | ७ | – | – | १२ |
| ८ | बि.ए. प्रथम सेमेस्टर | ७ | २८ | १ | २ | ३५ |
| ९ | बि.ए. द्वितीय वर्ष | २१ | ३४ | – | १ | ५५ |
| १० | बि.ए. तृतीय वर्ष | ९ | १२ | – | – | २१ |
| **जम्मा** | | **११५** | **२३९** | **२** | **८** | **३५४** |

शैक्षिकसत्र २०७५/०७६ मा सेमेस्टरगत तथा बार्षिक प्रणालीमा अध्ययनरत विद्यार्थीहरुको विवरण हेर्दा जम्मा ३५४ मध्ये शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ८६ जना, दोस्रो वर्षमा ४६ जना, तृतीय वर्षमा २८ जना, रहेका थिए गरी जम्मा १६० जना रहेका थिए। व्यवस्थापन सङ्कायतर्फ स्नातक तह पहिलो दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमश : ३१, २१, १९, १२ गरी जम्मा ८३ जना रहेका थिए भने मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ स्नातक तह पहिलो सेमेस्टरमा ३५ जना, दोस्रो वर्षमा ५५ जना, र तेस्रो वर्षमा २१ जना गरी जम्मा १११ जना अध्ययनरत रहेका थिए।

विगत ८ वर्षको विद्यार्थी विवरण

| शैक्षिकसत्र | २०७५□ २०७६ | २०७६□ २०७७ | २०७७□ २०७८ | २०७८□ २०७९ | २०७९□ २०८० | २०८०□ २०८१ | २०८१□ २०८२ | २०८२□ २०८३ |
|---|---|---|---|---|---|---|---|---|
| छात्र | ११५ | १६७ | १५० | १८१ | १३७ | १०५ | ९९ | ९४ |
| छात्रा | २३९ | ३६९ | ३०६ | ३७८ | ४३४ | ३९३ | ४११ | ३८७ |
| **जम्मा** | **३५४** | **५३६** | **४५६** | **५५९** | **५७१** | **४९८** | **५१०** | **४८१** |

स्तम्भ चित्रमा देखाउँदा




**उत्तीर्ण दर प्रवृत्ति विश्लेषण**

यस क्याम्पसको शैक्षिकसत्र २०८२/०८३ मा विभिन्न सेमेस्टरमा अधययनरत विद्यार्थीहरुको  प्रकाशित नतिजाको विश्लेषण देहाय बमोजिम गरिएको छ ।

**सेमेस्टरगत उत्तीर्ण प्रवृति:** विभिन्न सेमेस्टरमा अध्ययनरत रही शैक्षिक सत्र २०८२/०८३ मा प्रकाशन भएको नतिजाका आधारमा दार्चुला बहुमुखी क्याम्पसमा विभिन्न सेमेस्टरमा नियमिततर्फ उर्त्तीण प्रवृत्ति देहायअनुसार रहेको छ;

**शैक्षिकसत्र २०८२/०८३ मा नियमिततर्फ नतिजा विवरण**

| **क्र.स.** | **कार्यक्रम/सेमेस्टर** | **जम्मा सहभागी** | **छात्र** | **छात्रा** | **उत्तीर्ण** | **नतिजा प्रकाशन मिति** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | बि.एड्. पहिलो | १०६ | ७ | २९ | ३६ | २०८२/०५/०६ | |
| २ | बि.एड्. दोस्रो | ८० | ५ | ४१ | ४६ | २०८२/१२/०९ | |
| ३ | बि.एड्. तेस्रो | ६८ | ५ | ३० | ३५ | २०८२/०७/१४ | |
| ४ | बि.एड्. चौथो | ६२ | ७ | ३५ | ४२ | २०८३/०१/१७ | |
| ५ | बि.एड्. पाँचौं | ५३ | ४ | ४६ | ५० | २०८२/१०/०८ | |
| ६ | बि.एड्. छैटौं | २३ | २ | १५ | १७ | २०८२/०७/१४ | |
| ७ | बि.एड्. छैटौं | ५३ | ४ | ४३ | ४७ | २०८३/०३/०१ | |
| ८ | बि.एड्. सातौं | ४४ | ४ | २९ | ३३ | २०८२/०४/०६ | |
| ९ | बि.एड्. सातौं | २३ | २ | ८ | १० | २०८३/०२/११ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | बि.एड्. आठौं | ४५ | ५ | ३९ | ४४ | २०८२/०७/२७ | |
| **जम्मा** | | **५५७** | **४५** | **३१५** | **३६०** | | |
| १ | बि.बि.एस. पहिलो | ३४ | २ | – | २ | २०८२/०५/०६ | |
| २ | बि.बि.एस. दोस्रो | ३२ | २ | ६ | ८ | २०८२/१२/०१ | |
| ३ | बि.बि.एस. तेस्रो | २६ | २ | १ | ३ | २०८२/०७/१४ | |
| ४ | बि.बि.एस. चौथो | २१ | १ | ४ | ५ | २०८३/०२/११ | |
| ५ | बि.बि.एस. पाँचौ | २१ | ३ | १२ | १५ | २०८२/०९/११ | |
| ६ | बि.बि.एस. छैटौ | २० | ९ | ९ | १८ | २०८२/०७/२७ | |
| ७ | बि.बि.एस. छैटौ | २२ | ५ | १६ | २१ | २०८३/०३/०१ | |
| ८ | बि.बि.एस. सातौ | २० | १० | १० | २० | २०८३/०२/११ | |
| **जम्मा** | | **१९६** | **३४** | **५८** | **९२** | | |
| १ | बि.ए. पहिलो | १३ | १ | ५ | ६ | २०८२/०५/०६ | |
| २ | बि.ए. दोस्रो | ११ | १ | ८ | ९ | २०८२/१२/०१ | |
| ३ | बि.ए. तेस्रो | १२ | – | ५ | ५ | २०८२/०७/२३ | |
| ४ | बि.ए. चौथो | १२ | १ | ७ | ८ | २०८३/०१/१७ | |
| ५ | बि.ए. पाँचौं | ९ | १ | ७ | ८ | २०८२/०९/११ | |
| ६ | बि.ए. छैटौ | १३ | – | १२ | १२ | २०८२/०७/१४ | |
| ७ | बि.ए. छैटौ | ९ | १ | ८ | ९ | २०८३/०३/०१ | |
| ८ | बि.ए. सातौं | १४ | – | १४ | १४ | २०८३/०२/११ | |
| ९ | बि.ए. आठौं | १२ | ३ | ९ | १२ | २०८२/०७/२७ | |
| **जम्मा** | | **१०५** | **८** | **७५** | **८३** | | |
| १ | एम्.एड्.पहिलो | ८ | – | ५ | ५ | २०८२/०७/१४ | |
| २ | एम एड दोस्रो | ७ | – | १ | १ | २०८३/०१/११ | |
| ३ | एम एड तेस्रो | १२ | ३ | ६ | ९ | २०८२/०८/२५ | |
| ४ | एम्.एड्.चौथो | १२ | २ | ८ | १० | २०८३/०२/११ | |
| **जम्मा** | | **३९** | **५** | **२०** | **२५** | | |
| १ | एम डि एस पहिलो | ९ | ३ | २ | ५ | २०८२/०७/१४ | |
| २ | एम डि एस दोस्रो | ७ | २ | २ | ४ | २०८३/०१/११ | |
| ३ | एम डि एस तेस्रो | ४ | ३ | १ | ४ | २०८२/०८/२५ | |
| ४ | एम डि एस चौथो | ४ | २ | १ | ३ | २०८३/०२/११ | |
| **जम्मा** | | **२४** | **१०** | **६** | **१६** | | |
| **जम्मा परीक्षार्थी सङ्ख्या** | | **९२१** | **१०२** | **४७४** | **५७६** | | |

माथिको तथ्याङ्क हेर्दा शैक्षिक सत्र २०८२/०८३ मा प्रकाशित नियमिततर्फको नतिजा विश्लेषण गर्दा शिक्षाशास्त्र सङ्कायमा स्नातकतर्फ प्रथम सेमेस्टरमा ३३.९६ प्रतिशत, दोस्रोमा ५७.५ प्रतिशत, तेस्रोमा ५८.५ प्रतिशत, चौथोमा ६७.८ प्रतिशत, पाँचौमा ९४.४ प्रतिशत, छैटौमा ८४.३ प्रतिशत, सातौमा ६४.२ प्रतिशत, आठौमा ९७.८ प्रतिशत रहेको छ ,त्यसैगरी व्यवस्थापन सङ्कायमा प्रथम सेमेस्टरमा ५.९ प्रतिशत, दोस्रोमा २५ प्रतिशत, तेस्रो सेमेस्टरमा ११.६ प्रतिशत, चौथोमा २३.८ प्रतिशत, पाँचौमा ७१.५ प्रतिशत, छैटौमा ९२.९ प्रतिशत, सातौमा १०० प्रतिशत रहेको छ । मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ प्रथम सेमेस्टरमा ४७ प्रतिशत, दोस्रोमा ८१.९ प्रतिशत, तेस्रोमा ४१.७ प्रतिशत, चौथोमा ६६.७ प्रतिशत, पाँचौमा ८८.९ प्रतिशत, छैटौमा ९५.५ प्रतिशत, सातौमा १०० प्रतिशत, आठौमा १०० प्रतिशत रहेको छ शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तरतर्फ प्रथम सेमेस्टरमा

६२.५ प्रतिशत, दोस्रोमा १४.३ प्रतिशत, तेस्रोमा ७५ प्रतिशत, चौथोमा ८३.४ प्रतिशत रहेको छ, मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा स्नातकोत्तरतर्फ पहिलो सेमेस्टरमा ५५.६ प्रतिशत, दोस्रोमा ५७.२ प्रतिशत, तेस्रोमा १०० र चौथोमा ७५ प्रतिशत रहेको छ ।

यस नतिजाको विश्लेषण गर्दा शिक्षाशास्त्र सङ्काय स्नातक तहतर्फ सबैभन्दा बढी आठौ सेमेस्टरमा ९७.८ प्रतिशत उत्तिर्ण दर देखिन्छ भने व्यवस्थापन सङ्कायतर्फ सातौ सेमेष्टरमा शतप्रतिशत उत्तिर्णदर देखिन्छ तथा मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ आठौ सेमेस्टरमा शतप्रतिशत उत्तिर्णदर रहेको छ । स्नातकोत्तर तह शिक्षाशास्त्र सङ्कायमा चौथो सेमेस्टरमा ८३.४ प्रतिशत उत्तिर्णदर रहेको छ तथा मानविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ तेस्रो सेमेस्टरमा शतप्रतिशत उत्तिर्णदर रहेको छ ।

**शैक्षिकसत्र २०८२/०८३ मा आंशिकतर्फ नतिजा विवरण**

| क्र.स. | कार्यक्रम/सेमेस्टर | जम्मा सहभागी | छात्र | छात्रा | उत्तीर्ण | नतिजा प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बि.एड्. पहिलो | ८० | ९ | ५१ | ६० | २०८२/०५/०६ | |
| २ | बि.एड्. दोस्रो | ४९ | ५ | २० | २५ | २०८२/१२/०९ | |
| ३ | बि.एड्. तेस्रो | ४७ | ४ | २० | २४ | २०८२/०७/१४ | |
| ४ | बि.एड्. चौथो | २८ | ३ | २१ | २४ | २०८३/०१/१७ | |
| ५ | बि.एड्. पाँचौं | १७ | २ | १४ | १६ | २०८२/१०/०८ | |
| ६ | बि.एड्. छैटौं | २७ | ४ | १८ | २२ | २०८२/०७/१४ | |
| ७ | बि.एड्. छैटौं | ८ | १ | ५ | ६ | २०८३/०३/०१ | |
| ८ | बि.एड्. सातौं | १३ | १ | ९ | १० | २०८२/०४/०६ | |
| ९ | बि.एड्. सातौं | ८ | १ | १ | २ | २०८३/०२/११ | |
| १० | बि.एड्. आठौं | १ | - | - | - | २०८२/०७/२७ | |
| **जम्मा** | | **२७८** | **३०** | **१५९** | **१८९** | | |
| १ | बि.बि.एस. पहिलो | १६ | ६ | ८ | १४ | २०८२/०५/०६ | |
| २ | बि.बि.एस. दोस्रो | ३९ | ६ | ६ | १२ | २०८२/१२/०१ | |
| ३ | बि.बि.एस. तेस्रो | ३० | ७ | १० | १७ | २०८२/०७/१४ | |
| ४ | बि.बि.एस. चौथो | २९ | ५ | ८ | १३ | २०८३/०२/११ | |
| ५ | बि.बि.एस. पाँचौ | १२ | ३ | ४ | ७ | २०८२/०९/११ | |
| ६ | बि.बि.एस. छैटौ | ४ | २ | २ | ४ | २०८२/०७/२७ | |
| ७ | बि.बि.एस. छैटौ | २ | १ | - | १ | २०८३/०३/०१ | |
| ८ | बि.बि.एस. दोस्रो वर्ष | १२ | २ | १० | १२ | २०८२/०५/०६ | |
| ९ | बि.बि.एस. तेस्रो वर्ष | १३ | २ | ७ | ९ | २०८२/०५/०६ | |
| १० | बि.बि.एस. चौथो वर्ष | १० | - | ३ | ३ | २०८२/०५/०६ | |
| **जम्मा** | | **१६७** | **३४** | **५८** | **९२** | | |
| १ | बि.ए. पहिलो | १५ | १ | ८ | ९ | २०८२/०५/०६ | |
| २ | बि.ए. दोस्रो | १० | २ | ६ | ८ | २०८२/१२/०१ | |
| ३ | बि.ए. तेस्रो | ५ | २ | ३ | ५ | २०८२/०७/२३ | |
| ४ | बि.ए. चौथो | २ | - | २ | २ | २०८३/०१/१७ | |
| ५ | बि.ए. पाँचौं | १० | १ | ८ | ९ | २०८२/०९/११ | |
| ६ | बि.ए. छैटौ | १० | २ | ६ | ८ | २०८२/०७/१४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | बि.ए. छैटौ | ३ | - | ३ | ३ | २०८३/०३/०१ | |
| ८ | बि.ए. सातौं (पुरक) | ४ | २ | १ | ३ | २०८२/०८/२५ | |
| ९ | बि.ए. सातौं | १० | - | ९ | ९ | २०८३/०२/११ | |
| १० | बि.ए. आठौं | २ | - | २ | २ | २०८२/०७/२७ | |
| **जम्मा** | | **७१** | **१०** | **४८** | **५८** | | |
| १ | एम्.एड्.पहिलो | ३ | - | - | - | २०८२/०७/१४ | |
| २ | एम एड दोस्रो | ८ | १ | ४ | ५ | २०८३/०१/११ | |
| ३ | एम्.एड्.चौथो | १ | - | १ | १ | २०८३/०२/११ | |
| **जम्मा** | | **१२** | **१** | **५** | **६** | | |
| १ | एम डि एस पहिलो | ४ | ४ | - | ४ | २०८२/०७/१४ | |
| २ | एम डि एस दोस्रो | २ | १ | १ | २ | २०८३/०१/११ | |
| ३ | एम डि एस तेस्रो | २ | १ | | १ | २०८२/०८/२५ | |
| ४ | एम डि एस चौथो | २ | २ | - | २ | २०८३/०२/११ | |
| **जम्मा** | | **१०** | **८** | **१** | **९** | | |
| **जम्मा परिक्षार्थी सङ्ख्या** | | **५३८** | **८३** | **२७१** | **३५४** | | |

**उत्तीर्ण (स्थानान्तरण प्रमाणपत्र जारी भएको आधारमा) सङ्ख्या :**

| **क.स.** | **वर्ष** | **छात्रा** | | **छात्र** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|
| | | त्रि वि | सु प वि | त्रि वि | सु प वि | त्रि वि | सु प वि |
| १ | २०२५ | १४ | ३३ | ८ | ५ | २२ | ३८ |
| २ | २०२४ | ३० | ३० | १६ | ११ | ४६ | ४१ |
| ३ | २०२३ | ५६ | | ४७ | | १०३ | |
| ४ | २०२२ | २८ | | १९ | | ४७ | |
| ५ | २०२१ | १६ | | ४ | | २० | |
| ६ | २०२० | २६५ | | ८५ | | ३५० | |
| ७ | २०१९ | १ | | | | १ | |
| ८ | २०१८ | २५ | | १७ | | ४२ | |
| ९ | २०१७ | २६ | | २१ | | ४७ | |
| १० | २०१६ | २९ | | १३ | | ४२ | |
| **जम्मा** | | **५५३** | | **२४६** | | **७९९** | |

सन् २०२५ मा यस क्याम्पसबाट त्रिभुवन विश्वविद्यालयतर्फ जम्मा २२ जनाले स्थानान्तरण प्रमाणपत्र लिएका छन् जसमा १४ जना छात्रा र ८ जना छात्र रहेका छन् भने सुदूरपश्चिम विश्वविद्यालय अन्तरगतका जम्मा ३८ जनामा छात्रा ३३ र छात्र ५ जनाले स्थानान्तरण प्रमाणपत्र लिएका छन् । सन् २०२४ मा त्रिभुवन विश्वविद्यालयतर्फ ४६ जना र सुदूरपश्चिम विश्वविद्यालय अन्तरगत ४१ जना, सन् २०२३ मा १०३, सन् २०२२ मा ४७, सन् २०२१ मा २० जना, सन् २०२० मा ३५०, सन् २०१९ मा १ जना सन् २०१८ मा ४२, सन् २०१७ मा ४७ र सन् २०१६ मा क्याम्पसबाट ४२ जना स्थानान्तरण

प्रमाणपत्र लिएको देखिन्छ । सन् २०१६ देखि सन् २०२४ सम्मको तथ्याङ्क हेर्दा जम्मा ७३९ जनाले स्थानान्तरण प्रमाणपत्र लिएकोमा छात्रातर्फ ५०६ जना र छात्रतर्फ २३३ जना रहेका छन् ।

**स्नातक (शिक्षाशास्त्र) उत्तीर्ण गर्ने विद्यार्थीहरुको विवरण :**

| क्र.स. | वर्ष | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२५ | २५ | ६ | - | १ | ३१ |
| २ | २०२४ | ३२ | १० | - | २ | ४२ |
| ३ | २०२३ | १७ | ७ | १ | - | २४ |
| ४ | २०२२ | २२ | १० | - | - | ३२ |
| ५ | २०२१ | १४ | ४ | - | - | १८ |
| ६ | २०२० | १५८ | ५० | - | - | २०८ |
| ७ | २०१९ | १ | - | - | - | १ |
| ८ | २०१८ | १६ | १० | १ | १ | २६ |
| ९ | २०१७ | १४ | १० | - | - | २४ |
| १० | २०१६ | ७ | ४ | - | - | ११ |
| **जम्मा** | | **३०६** | **१११** | **२** | **४** | **४१७** |

यस क्याम्पसमा सन् २०१६ देखि सन् २०२५ सम्म शिक्षाशास्त्र सङ्काय, स्नातक तहमा ४१७ जना विद्यार्थीले आफू सम्मिलित वर्ष र सेमेस्टर उत्तीर्ण गरेका छन् । उत्तीर्ण सङ्ख्याको तुलना गर्ने हो भने सन् २०२० मा सबैभन्दा बढी र सन् २०१९ मा सबैभन्दा कम विद्यार्थी उत्तीर्ण भएका छन् । शिक्षाशास्त्र सङ्कायमा ३०६ जना छात्राहरुले र १११ जना छात्रहरुले स्नातक तह उत्तीर्ण गरेका छन् ।

**स्नातक तह व्यवस्थापन सङ्कायका उत्तीर्ण गर्ने विद्यार्थीहरुको सङ्ख्या :**

| क्र.स. | वर्ष | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२५ | १० | १ | - | - | ११ |
| २ | २०२४ | १५ | ८ | - | - | २३ |
| ३ | २०२३ | २ | ४ | - | - | ६ |
| ४ | २०२२ | ५ | ५ | - | - | १० |
| ५ | २०२० | ४२ | १६ | - | - | ५८ |
| ६ | २०१९ | २ | १ | - | - | ३ |
| ७ | २०१८ | २ | ३ | - | - | ५ |
| ८ | २०१७ | ५ | ५ | - | - | १० |
| ९ | २०१६ | ७ | ६ | - | - | १३ |
| **जम्मा** | | **९०** | **४९** | - | - | **१३९** |

यस क्याम्पसमा सन् २०१६ देखि सन् २०२५ सम्म व्यवस्थापन सङ्काय, स्नातक तहमा १३९ जना विद्यार्थीले आफू सम्मिलित सेमेस्टर उत्तीर्ण गरेका छन् । उत्तीर्ण सङ्ख्याको तुलना गर्ने हो भने सन् २०२० मा सबैभन्दा बढी र सन् २०१९ मा सबैभन्दा कम विद्यार्थी उत्तीर्ण भएका छन् । व्यवस्थापन सङ्कायमा ९० जना छात्राहरुले र ४९ जना छात्रहरुले स्नातक तह उत्तीर्ण गरेका छन् ।

**स्नातक तहतर्फ मानविकी तथा सामाजिकशास्त्र सङ्कायका विभिन्न सेमेस्टर उत्तीर्ण गर्ने विद्यार्थीहरु :**

| क्र.स. | वर्ष | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२५ | ११ | ४ | - | - | १५ |
| २ | २०२४ | ९ | ५ | - | - | १४ |
| ३ | २०२३ | ७ | ५ | - | - | १२ |
| ४ | २०२२ | १ | ४ | - | - | ५ |
| ५ | २०२१ | २ | | - | - | २ |
| ६ | २०२० | ६५ | १९ | - | - | ८४ |
| ७ | २०१९ | ६ | ५ | - | - | ११ |
| ८ | २०१८ | ६ | ५ | - | - | ११ |
| ९ | २०१७ | ७ | ६ | - | १ | १३ |
| १० | २०१६ | ७ | ४ | - | - | ११ |
| **जम्मा** | | **१२१** | **५७** | - | १ | **१७८** |

यस क्याम्पसमा सन् २०१६ देखि सन् २०२५ सम्म मानविकी तथा सामाजिकशास्त्र सङ्काय, स्नातक तहमा १७८ जना विद्यार्थीले आफू सम्मिलित सेमेस्टर उत्तीर्ण गरेका छन् । उत्तीर्ण सङ्ख्याको तुलना गर्ने हो भने सन् २०२० मा सबैभन्दा बढी र सन् २०२१ मा सबैभन्दा कम विद्यार्थी उत्तीर्ण भएका छन् । मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा १२१ जना छात्राहरुले र ५७ जना छात्रहरुले स्नातक तह उत्तीर्ण गरेका छन् ।

**स्नातकोत्तर तहतर्फ शिक्षाशास्त्र र मानविकी तथा सामाजिकशास्त्र सङ्कायका वर्ष र विभिन्न सेमेस्टर उत्तीर्ण गर्ने विद्यार्थीहरु :**

| क्र.स. | वर्ष | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०२५ | १ | २ | ३ | स्नातकोत्तर |
| २ | २०२४ | ४ | ४ | ८ | स्नातकोत्तर |
| ३ | २०२३ | २ | १३ | १५ | स्नातकोत्तर |
| ४ | २०२२ | ११ | १० | २१ | स्नातकोत्तर |
| ५ | २०२१ | १ | ६ | ७ | एम.ए. |
| ६ | २०२१ | ४ | १ | ५ | एम्.एड्. |
| ७ | २०२० | ५ | ४६ | ५१ | एम.ए. |
| ८ | २०२० | १ | ७ | ८ | एम्.एड्. |
| ९ | २०१९ | ४ | १ | ५ | एम.एड. |
| १० | २०१८ | ६ | १ | ७ | एम.एड. |
| ११ | २०१७ | ३ | ५ | ८ | एम.एड. |
| **जम्मा** | | **४२** | **८६** | **१२८** | |

यस क्याम्पसमा सन् २०१६ देखि सन् २०२५ सम्म शिक्षाशास्त्र र मानविकी तथा सामाजिकशास्त्र सङ्काय, स्नातकोत्तर तहमा जम्मा १२८ जना विद्यार्थीले आफू सम्मिलित वर्ष र सेमेस्टर उत्तीर्ण गरेका छन् । जसमा छात्राको सङ्ख्या ४२ जना र छात्रको सङया ८६ जना रहेको छ ।

**प्राज्ञिक जनशक्ति**
**प्राध्यापकहरुको नामावली**

| क्र.स. | पद | नाम | योग्यता | विषय |
|---|---|---|---|---|
| १ | उपप्राध्यापक | श्री नरेन्द्र राज अवस्थी | एम.ए., एम.एड. | शिक्षा, भूगोल |
| २ | उपप्राध्यापक | श्री करन सिह साउद | एम.एड. | शिक्षा |
| ३ | उपप्राध्यापक | श्री कृष्ण सिह साउद | एम.ए., एम.एड. | अंग्रेजी, भाषाविज्ञान |
| ४ | उपप्राध्यापक | श्री धाना धामी | एम.ए., एम.एड. | नेपाली |
| ५ | उपप्राध्यापक | श्री मदन सिह कार्की | एम.कम. | लेखा |
| ६ | उपप्राध्यापक | श्री डम्मर सिह साउद | एम.फिल | अंग्रेजी शिक्षा |
| ७ | उपप्राध्यापक | श्री विष्णु दत्त जोशी | एम.एड. | नेपाली |
| ८ | उपप्राध्यापक | श्री मोहन राज जोशी | एम.बी.एस., बी.एड. | व्यवस्थापन, अर्थशास्त्र |
| ९ | उपप्राध्यापक | श्री माधव प्रसाद अवस्थी | एम. फिल | पाठ्यक्रम, योजना तथा नेतृत्व विकास |
| १० | उपप्राध्यापक | श्री दुर्गा सिह ऐरी | एम.एस.सी., बी.एड. | गणित |
| ११ | सहायक प्राध्यापक | श्री आन सिह डडाल | एम.ए., बी.एड. | अर्थशास्त्र |
| १२ | सहायक प्राध्यापक | श्री दान सिह ठगुन्ना | एम.ए., बी.एड. | ग्रामीण विकास |
| १३ | सहायक प्राध्यापक | श्री पदम सिह बडाल | एम. फिल | नेपाली शिक्षा |
| १४ | सहायक प्राध्यापक | श्री खेम राज भ□ | एम.ए., एम.एड. | नेपाली |
| १५ | सहायक प्राध्यापक | श्री चन्द्र सिह धामी | एम.ए. | समाजशास्त्र |
| १६ | सहायक प्राध्यापक | श्री सोवन सिह धामी | एम.ए. | अंग्रेजी |
| १७ | शिक्षण सहायक | श्री आशा सामन्त | एम.एड. | जनसंख्या |
| १८ | शिक्षण सहायक | श्री महेश प्रसाद जोशी | एम.ए. | ग्रामीण विकास |
| १९ | शिक्षण सहायक | श्री भैरव दत्त भ□ | एम.ए., एम.एड. | अंग्रेजी |
| २० | शिक्षण सहायक | श्री रमेश सिह धामी | एम.बी.एस., बी.एड. | वित्तशास्त्र |
| २१ | शिक्षण सहायक | श्री महेश सिह साउद | एम.एड. | अंग्रेजी |
| २२ | विषय प्रशिक्षक | श्री चिरञ्जिवी अवस्थी | बी.ई. | कम्प्युटर |

क्याम्पसमा हाल १० जना स्थायी उप प्राध्यापक, ६ जना अस्थायी सहायक प्राध्यापक, २ जना पूर्णकालीन करारमा शिक्षण सहायक, ३ जना अंशकालीन शिक्षण सहायक, १ जना विषय प्रशिक्षक गरी जम्मा २२ जनामा २ जना महिला र २० जना पुरुष कार्यरत रहेका छन् ।

**प्रशासनिक जनशक्ति**
**कर्मचारीहरुको नामावली**

| क्र.सं. | पद | नाम | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | हेड असिस्टेण्ट | श्री मदन सिह बोहरा | बी.एड. | लेखा शाखा |
| २ | हेड असिस्टेण्ट | श्री राजेन्द्र बहादुर मल्ल | एम.ए. | प्रशासन शाखा |
| ३ | हेड असिस्टेण्ट | श्री भागिरथी जोशी | बी.ए. | पुस्तकालय शाखा |
| ४ | हेड असिस्टेण्ट | श्री लक्ष्मी खत्री | बी.एड. | परीक्षा शाखा |
| ५ | असिस्टेण्ट | श्री जितेन्द्र धामी | एम.ए. | शैक्षिक प्रशासन शाखा |
| ६ | कार्यालय सहयोगी | श्री जगत सिह ऐरी | आठ पास | — |
| ७ | कार्यालय सहयोगी | श्री गौरी देवी अवस्थी | साधारण लेखपढ | — |
| ८ | कार्यालय सहयोगी | श्री पुष्कर राम लोहार | एस.एल.सी. | — |
| ९ | कार्यालय सहयोगी | श्री किशन सिह ऐरी | साधारण लेखपढ | — |

क्याम्पसमा ९ जना कर्मचारी कार्यरत रहेका छन् । जसमध्ये ३ जना महिला र ६ जना पुरुष रहेका छन् । कर्मचारीहरुमध्ये ४ जना हेड असिस्टेन्ट, १ जना असिस्टेन्ट, ४ जना कार्यालय सहयोगी रहेका छन् ।

## शैक्षिक कार्यक्रमहरु

यस दार्चुला बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालय अन्तरगत वि.स. २०५९ सालमा शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह ३ वर्षे बि एड, वि.स. २०६२ सालमा शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह १ वर्षे बि.एड., वि.स. २०६४ सालमा व्यवस्थापन सङ्कायतर्फ स्नातक तह ३ बर्षे बि बि.बि.एस, वि.स. २०६७ सालमा स्नातकोत्तर तहतर्फ २ बर्षे एम.एड. र वि.स. २०७० सालमा मानविकी तथा सामाजिकशास्त्र सङ्काय तर्फ स्नातक तहमा ३ बर्षे बि.ए. का कार्यक्रमहरु सञ्चालनमा रहेका थिए । वि.स. २०७५ सालमा सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस भैइसकेपछि तपसिल बमोजिमका सेमेस्टर अन्तरगतका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

| क्र.स. | सङ्काय | तह | कार्यक्रम | विषयहरु | प्रणाली |
|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | स्नातक | बि.एड. | नेपाली, अङ्ग्रेजी, गणित र जनसङ्ख्या | चार वर्षे सेमेस्टर प्रणाली |
| २ | शिक्षाशास्त्र | स्नातकोत्तर | एम.एड. | पाठ्यक्रम नेतृत्व विकास र नेपाली | दुई वर्षे सेमेस्टर प्रणाली |
| ३ | व्यवस्थापन | स्नातक | बि.बि.एस | लेखाशास्त्र | चार वर्षे सेमेस्टर प्रणाली |
| ४ | मानविकी तथा सामाजिकशास्त्र | स्नातक | बी.ए./बि.डि.एस. | विकास अध्ययन र समाजशास्त्र | चार वर्षे सेमेस्टर प्रणाली |
| ५ | मानविकी तथा सामाजिकशास्त्र | स्नातकोत्तर | एम्.ए./एम.डि.एस. | विकास अध्ययन | दुई वर्षे सेमेस्टर प्रणाली |

## शैक्षणिक विधिहरु

क्याम्पसले प्रविधिमा आधारित शैक्षणिक विधि अपनाएर गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ । प्राध्यापकहरुले सम्बन्धित विषयका विषयवस्तुहरुमा अध्यावधिक हुँदै कम्प्युटर मल्टिमिडिया प्रोजेक्टर, स्मार्ट बोर्डको प्रयोगका साथै अन्य प्रविधिमा आधारित शिक्षा प्रदान गर्दै आइरहेका छन् । शिक्षण कार्यका साथै क्याम्पसले समय समयमा अभिमुखीकरण, सेमिनार, कार्यशाला, लघु अनुसन्धानका साथै अन्य आवश्यक शैक्षणिक कार्यहरु पनि सञ्चालन गर्दै आएको छ । आवश्यकताका आधारमा अतिरिक्त कक्षाहरु, परीक्षा केन्द्रित कक्षाहरु, पेशाव्यवसाय प्रवेशका लागि सहजता दिने कक्षाहरु समेत क्याम्पसले सञ्चालन गर्ने गरेको छ । त्यसका साथसाथै सेमेष्टर प्रणालीमा सञ्चालन हुने कार्यक्रमहरुमा नितान्त फरक रुपले आधुनिक विधिहरुको प्रयोग गरी विषयवस्तुको प्रकृति अनुसार कक्षाकार्य, गृहकार्य, समूहकार्य, क्षेत्र अध्ययन, परियोजना कार्य तथा टर्मपेपर लेखनकार्य जस्ता विविध नवीन विधि तथा प्रविधिहरुको प्रयोग गरी शिक्षण कार्य सम्पन्न गर्ने गरिएको छ ।

**भौतिक विवरण**

१. जमिन ६-१२-०२-०२
२. भवन ४, कक्षा कोठा २८
३. पुस्तक १९,५३७
४. कम्प्युटर ४५
५. ल्यापटप २२
६. मल्टिमिडिया प्रोजेक्टर १९
७. स्टिल दराज २१
८. शौचालय १४ वटा
९. प्लास्टिक कुर्सी १७८
१०. फोटो कपि/प्रिन्टर मेसिन ६
११. ह्वाइट बोर्ड २२
१२. आल्मुनियम सिडि २
१३. टेबुल १५
१४. ग्रिल बेन्च १९२ जोडि
१५. डिजिटल क्यामरा १
१६. मोटरसाइकल १
१७. इन्भर्टर ३, ब्याट्रि ८
१८. सिसिटिभी क्यामेरा १६
१९. मल्टिटच बोर्ड १
२०. हिटर ५
२१. ई-हाजिरी मेसिन १
२२. पङ्खा ३७
२३. फोन र इन्टरनेट २ लाइन
२४. वाटर फिल्टर २
२५. पानी ट्याङ्की १०
२६. भिडियो क्यामेरा १
२७. स्मार्ट बोर्ड ६
२८. ग्याँस चुलो सेट १
२९. वास वेसिन सेट ५
३०. कर्नरसोफा ३० सिटर १ सेट
३१. जेनेरेटर १
३२. फ्रिज १
३३. घुम्ने कुर्सि १५
३४. फलामको र्‍याक १० सेट
३५. तीन सिटर सोफा २
३६. रोस्टम १
३७. सोफा टेबुल ८

## ९. आर्थिक विवरण

आर्थिक वर्ष २०८२/०८३ को असार मसान्तसम्मको आम्दानी विभिन्न शीर्षकमा प्राप्त अनुदान रकमबाट रु २,०३,५९,८४८.०० र आन्तरिक आम्दानीबाट रु **५७,२०,६०३.००** गरी जम्मा २,७४,१५,६९६.०० रहेको छ । त्यसैगरी आ.व. २०८२/०८३ व्ययतर्फ पूँजिगत खर्च असार मसान्तसम्म रु **१५,१५,६८३.५०** र सञ्चालन खर्चतर्फ २,६२,५५,८२४.५२ गरी कुल जम्मा खर्च २,७७,७१,५०८.०२ रुपैयाँ रहेको छ । असार मसान्तसम्मको पुँजिगत खर्च वार्षिक स्वीकृत बजेटको ५३.१८ प्रतिशत रहेको छ साथै यस आर्थिक वर्षको मौज्दात रकम रु **५,०७,२६६.९१** रहेको छ । यो वर्षको असार मसान्तसम्मको खर्चलाई देहायअनुसार देखाइएको छ ।

| ब.ख.नं. | बजेट शिर्षक | बार्षिक स्विकृत बजेट | असार महिना सम्मको खर्च |
|---|---|---|---|
| | **पुजिगत तर्फ** | | |
| ०१/००१ | जग्गा खरिद खर्च | | - |
| ०१/००२ | भवन निर्माण तथा खरिद खर्च | १५००,०००.०० | - |
| ०१/००३ | सवारी साधन खर्च | | - |
| ०१/००४ | फर्निचर तथा फिक्चर खर्च | २००,०००.०० | ८९८,९४९.९५ |
| ०१/००५ | पुस्तक खरिद खर्च | ५००,०००.०० | ६७,७९१.०० |
| ०१/००६ | मेसिनरी औजार/कार्यालयीय खर्च | १५०,०००.०० | ६४,५६०.०० |
| ०१/००७ | वैज्ञानिक तथा शैक्षिक उपकरण खर्च | ५०,०००.०० | ४४४,२४२.५५ |
| ०१/००८ | सफ्टवेयर निर्माण खर्च | | ४०,१४०.०० |

| | | | |
|---|---|---|---|
| ०१/००९ | अन्य निर्माण खर्च | ४००,०००.०० | - |
| ०१/०१० | विविध स्थिर सम्पत्ति | ५०,०००.०० | - |
| | **जम्मा** | **२८,५०,०००.००** | **१५,१५,६८३.५०** |
| | **सञ्चालन तर्फ** | | |
| ०२/००१(क) | तलब शिक्षण | १२,०००,०००.०० | ११,९६१,२०४.०० |
| ०२/००१(ख) | अतिरिक्त/आन्तरीक तलब शिक्षण | १८६४,०००.०० | ३,०६७,२१४.०० |
| ०२/००२ | तलब प्रशासन | ४२२४,०००.०० | ४,३७३,८५९.०८ |
| ०२/००३ | भत्ता | १७५२,०००.०० | - |
| ०२/००४ | सञ्चय कोष अनुदान | १०३०,०००.०० | २,०५९,८००.०० |
| ०२/००५(क) | निबृतिभरण अनुदान | १,०३००,०००.०० | २,०५९,८००.०० |
| ०२/००५(ख) | बिशेष अवकास अनुदान | | - |
| ०२/००६ | अतिरिक्त पारिश्रमिक प्रशासन | ९५,०००.०० | |
| ०२/००७(क) | उपदान तथा निबृत्तिभरण | | - |
| ०२/००७(ख) | उपदान तथा निबृत्तिभरण कोष | | - |
| ०२/००८ | भ्रमण खर्च | २५०,०००.०० | ११५,२१४.०० |
| ०२/००९ | विद्युत तथा पानी खर्च | ७२,०००.०० | ५०,०४६.०० |
| ०२/०१० | इन्धन खर्च | १०,०००.०० | |
| ०२/०११ | छपाई तथा मसलन्द | ७५,०००.०० | २४४,८४८.५० |
| ०२/०१२ | पत्रपत्रिका खर्च | ५,०००.०० | - |
| ०२/०१३ | प्रकाशन खर्च | ४०,०००.०० | - |
| ०२/०१४ | परीक्षा खर्च | १५०,०००.०० | ७४०,३९३.६५ |
| ०२/०१५ | विज्ञापन तथा प्रचार प्रसार | ६०,०००.०० | २७,८८०.०० |
| ०२/०१६ | मर्मत संभार खर्च | ५०,०००.०० | १२१,१८७.०० |
| ०२/०१७ | सवारी साधन खर्च | | - |
| ०२/०१८ | कानुनी खर्च | | - |
| ०२/०१९ | सेवा शुल्क खर्च | १२०,०००.०० | ९२,२०६.०० |
| ०२/०२० | लेखा परीक्षण खर्च | | २२,६०८.०० |
| ०२/०२१ | बिमा खर्च | २,०००.०० | |
| ०२/०२२ | उत्सव तथा समारोह | ७५,०००.०० | |

| | | | |
|---|---|---|---|
| | | | ११,७३०.०० |
| ०२/०२३ | अतिथि सत्कार खर्च | ७०,०००.०० | १८०,८७१.७० |
| ०२/२४ | वैठक भत्ता तथा खर्च | ३५,०००.०० | २०,०००.०० |
| ०२/०२५ | अध्ययन अनुसन्धान खर्च | १००,०००.०० | ६७,८७४.०० |
| ०२/०२६ | ईनाम तथा पुरस्कार खर्च | १५,०००.०० | - |
| ०२/०२७ | तालिम,सेमिनार तथा गोष्ठी | १००,०००.०० | - |
| ०२/०२८ | कृषि सम्बन्धि खर्च | १०,०००.०० | - |
| ०२/०२९ | विद्यार्थी कल्याण खर्च | ४५,०००.०० | ३३,३४९.०० |
| ०२/०३० | शैक्षिक सामाग्री | ३०,०००.०० | - |
| ०२/०३१ | छात्रबृत्ति खर्च | ३९५,०००.०० | ४४८,१५०.०० |
| ०२/०३२ | पाठ्यक्रम निर्माण खर्च | | - |
| ०२/०३३ | घर भाडा खर्च | | - |
| ०२/०३४ | कार्यालय विविध खर्च | १००,०००.०० | २१,४८०.०० |
| | धरौटी | | ३३०,५५९.५९ |
| | रजिस्टेशन | | १५५,५००.०० |
| | स्वविघु खाता | | ५०,०५०.०० |
| | **जम्मा** | **२,३८०४,०००.००** | **२६,२५५,८२४.५२** |
| | **पूजिगत तथा सञ्चालन जम्मा** | **२,६६५४,०००.००** | **२७,७७१,५०८.०२** |

आ.व.२०८२□०८३ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको यथार्थ आय विवरण

| को.ड.नं. | आम्दानी शीर्षक | अनुमाननित आम्दानी | अघिल्लो महिना सम्मको आय | असार महिनाको आय | कुल जम्मा यथार्थ आम्दानी |
|---|---|---|---|---|---|
| ०३/००१ | प्रवेस शुल्क | | ५७६,८००.०० | २४,९००.०० | ६०१,७००.०० |
| ०३/००२ | शिक्षण शुल्क | | ३,०१७,०२५.०० | १९०,०००.०० | ३,२०७,०२५.०० |
| ०३/००३ | रजिष्ट्रेसन शुल्क | | १५८,०००.०० | | १५८,०००.०० |
| ०३/००४ | परिचय पत्र शुल्क | | ९८,०००.०० | ६,१००.०० | १०४,१००.०० |
| ०३/००५ | पुस्तकालय शुल्क | | १०४,६००.०० | ७,२००.०० | १११,८००.०० |
| ०३/००६ | परीक्षा शुल्क | | | | - |
| ०३/००७ | प्रयोगात्मक/प्रयोगशाला शुल्क | | २७४,०००.०० | ५४,९००.०० | ३२८,९००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०३/००८ | खेलकुद शुल्क | | ९७,८००.०० | ६,१००.०० | १०३,९००.०० |
| ०३/००९ | छात्रावास शुल्क | | | | – |
| ०३/०१० | विद्यार्थी कल्याण कोष शुल्क | | १५०,१५०.०० | ९,७००.०० | १५९,८५०.०० |
| ०३/०११ | क्याम्पस युनियन शुल्क | | ४८,९००.०० | ३,०५०.०० | ५१,९५०.०० |
| ०३/०१२ | संस्थागत विकास शुल्क | | ५९३,५००.०० | ३६,०००.०० | ६२९,५००.०० |
| ०३/०१३ | बैक ब्याज आम्दानी | | | | – |
| ०३/०१४ | प्रमाणपत्र शुल्क | | ६७,५००.०० | १,०००.०० | ६८,५००.०० |
| ०३/०१५ | प्रकाशन/अन्य बस्तु बिक्रि आय | | | | – |
| ०३/०१६ | सेमिनार/समारोह/ शुल्क | | | | – |
| ०३/०१७ | पुर्नयोग शुल्क | | | | – |
| ०३/०१८ | बिलम्ब शुल्क | | | | – |
| ०३/०१९ | परीक्षा केन्द्र शुल्क | | | | – |
| ०३/०२० | अस्पताल सम्बन्धि आय | | | | – |
| ०३/०२१ | कृषि सम्बन्धि आय | | | | – |
| ०३/०२२ | सेवा शुल्क | | | | – |
| ०३/०२३ | शिक्षण अभ्यास शुल्क | | १०४,७००.०० | | १०४,७००.०० |
| ०३/०२४ | स्थानान्तरण शुल्क | | | | |
| ०३/०२५ | बिविध आय वा शुल्क | | ९०,६७८.०० | | ९०,६७८.०० |
| | **आम्दानी जम्मा** | | **५,३८१,६५३.००** | **३३८,९५०.००** | **५,७२०,६०३.००** |
| | **०६ अनुदान आय** | | | | |
| ०६/००५ | सरकारी नियमित अनुदान | | १५,५७८,६८२.०० | ४,७८१,१६६.०० | २०,३५९,८४८.०० |
| ०६/००६ | स्वदेशी सरकारी अनुदान | | | | |
| ०६/००७ | स्वदेशी गैर सरकारी अनुदान | | | | – |
| ०६/००८ | बैदेशिक सरकारी अनुदान | | | | – |
| ०६/००९ | बैदेशिक गैर सरकारी अनुदान | | | | – |
| ०६/०१० | चन्दा, दान दातब्य तथा उपहार | | | | – |
| ०६/०११ | बिशेष अनुदान | | | | – |
| ०६/०१२ | बिविध अनुदान | | ९८५,२४५.०० | ३५०,०००.०० | १,३३५,२४५.०० |
| | **अनुदान जम्मा** | | १६,५६३,९२७.०० | ५,१३१,१६६.०० | २१,६९५,०९३.०० |
| | **कूल जम्मा** | | २१,९४५,५८०.०० | ५,४७०,११६.०० | २,७४,१५,६९६.०० |

## आर्थिक विवरण आय विश्लेषण

दार्चुला बहुमुखी क्याम्पसको आ.व. २०८२/०८३ को आन्तरिक आयको श्रोत भनेको विद्यार्थीहरुबाट सङ्कलन गरिने शुल्क हो । आन्तरिक आयतर्फ प्रवेश शुल्कबाफत ६,०१,७००.०० शिक्षण शुल्कबाफत ३२,०७,०२५.०० रजिष्ट्रेसनबाफत १,५८०००.००, परीचय पत्र शुल्क १,०४,१००.०० -पुस्तकालय शुल्क १,११,८००.०० प्रयोगात्मक शुल्क ३,२८,९००.०० खेलकुद शुल्क १,०३,९००.०० विद्यार्थी कल्याण कोष १,५९,८५०.०० क्याम्पस युनियन शुल्क ५१,९५०.०० सस्थागत विकास शुल्क ६,२९,५००.०० प्रमाणपत्रको ६८,५००.०० अभ्यास शिक्षण शुल्कबाफत १,०४,७००.०० र अन्य शुल्कबाट ९०,६७८.०० गरी **५७,२०,६०३.००** रहेको छ भने अनुदानतर्फ सरकारी नियमित अनुदान २,०३,५९,८४८.०० विविध अनुदान १३,३५,२४५.०० यसरी आर्थिक वर्ष २०८२/८३ मा क्याम्पसले रु **२,७४,१५,६९६.००** रुपैयाँ आम्दानी गरेको छ । साथै गतबर्षको बैङ्क मौजात रु ८,६३,०७८.९३ रही यस बर्ष खुद आम्दानी २,८२,७८,७७४.९३ रहेको छ ।

## आर्थिक वर्षअनुसार आय, व्यय तथा मौज्दात विवरण

यस क्याम्पसको विगत ८ वर्षदेखिको आर्थिक विवरण तथा चालु आर्थिक वर्ष २०८२/०८३ को आय, व्ययको संक्षेप विवरण:

| आर्थिक वर्ष | आय | व्यय | मौज्दात |
|---|---|---|---|
| २०७५/०७६यथार्थ बजेट | २,२२,०१,५९८/ | १,७६,३०,७७३/ | ४५,७०,८२५/ |
| २०७६/०७७यथार्थ बजेट | २,४४,२६,५४४/ | २,३३,५५,१३९/ | १०,७१,४०६/ |
| २०७७/०७८ यथार्थ बजेट | २,६६,४०,२९१/ | २,६७,३४,४१६/ | ४६,८१,५१५/२७ |
| २०७८/०७९ यथार्थ बजेट | २,४८,३४,२६४/७५ | २,७८,२९,५०८/१६ | १६,८६,२६१/३७ |
| २०७९/०८० असार मसान्तसम्मको | २,७८,७४,२८१/ | २,९३,१५,७४२/१४ | २,४४,८००/२३ |
| २०८०/०८१ असार मसान्तसम्मको | २,८९,८९,९८९/ | २,८१,४९,२६२/१२ | १०,८५,५२७/११ |
| २०८१/०८२ असार मसान्तसम्मको | **२६,१७०,९७५.००** | **२६,३९३,४२३.१८** | **८६३,०७८.९३** |
| २०८२/०८३ असार मसान्तसम्मका | **२,७४,१५,६९६.००** | **२,७७,७१,५०८.०२** | **५,०७,२६६.९१** |

## सामाजिक प्रगति

दार्चुला बहुमुखी क्याम्पस स्थानीय समुदायको दीर्घकालिन सोच र अग्रगामी चिन्तनका परिणाम स्वरुप स्थापना भएको शैक्षिक संस्था हो । यस क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारी र सरोकारवाला अन्य निकायको स्थानीय समाजसँग सामाजिक सौहार्दता सुमधुर रहेको छ । क्याम्पसले स्थानीय संघसंस्थासँग क्याम्पसको शैक्षिक विकासका कार्यक्रमका लागि आवश्यक रुपमा सहकार्य र समन्वय गर्दै आएको छ । यसका लागि जिल्ला स्वास्थ्य कार्यालय दार्चुला, जिल्ला अदालत दार्चुला, महाकाली नगरपालिका, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ दार्चुलासँग एवम् जिल्लाका अन्य पालिका तथा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्दै आएको छ । यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई समय समयमा जिल्ला अस्पतालको सहकार्यमा निःशुल्क सामान्य स्वास्थ्य जाँच गर्ने प्रबन्ध मिलाइएको छ । जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी क्याम्पसमा नीति नियम कानुन र अपराधसम्बन्धी चेतनामूलक कार्यक्रम गरिएका छन भने वित्तिय संस्थाहरुसँगको सहकार्यमा स्थानीय बैङ्कहरुबाट विद्यार्थीहरुलाई वित्तिय साक्षरता प्रदान गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु पेसागत ज्ञान र सीप आर्जन गर्न इन्टर्नसिप कार्यक्रम अन्तर्गत स्थानीय संघसंस्था तथा बैङ्कहरुमा सकिय रुपमा जाने गरेका छन् । यसरी क्याम्पसले सामाजिक सम्बन्ध विकासका लागि आवश्यक प्रयासहरु गरिरहेको छ ।

**सामाजिक सम्बन्ध विकास गर्न गरिने थप कार्यकलापहरु**

क. विभिन्न माध्यमिक विद्यालयहरुमा भ्रमण गरी शैक्षिक सुधार र विद्यार्थी भर्ना सम्बन्धी अन्तरक्रिया गर्ने,

ख. सामाजिक समस्या फोहोरमैला व्यवस्थापन, रुढीवादी समस्या समाधान, सुशासन, महिला शसक्तिकरण गर्न क्याम्पसका शिक्षक र विद्यार्थी परिचालन गरी कार्यक्रम गर्ने,

ग. दार्चुला जिल्लाका स्थानीय तहसँग समन्वय गरी क्याम्पसको भौतिक विकास गर्न र छात्रवृत्ति कार्यक्रमका लागि अनुरोध गर्ने,

घ. अन्तर क्याम्पस भ्रमण गरी शैक्षिक अनुभव र ज्ञान आदानप्रदान गर्ने ।

ङ. जिल्ला अस्पताल तथा जनस्वास्थ्यसँग सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी स्वास्थ्यसेवा लिने र स्वास्थ्य सामग्री प्राप्तिमा सहकार्य गर्ने,

च. यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूका लागि लोकसेवा आयोगका कक्षा सञ्चालन गर्न व्याँस गाँउपालिकासँग सहकार्य गर्ने ।

**समस्या र चुनौतिहरु**

दार्चुला बहुमुखी क्यामपस खलंगा दार्चुला विगत २३ वर्षदेखि दार्चुला जिल्लाको उच्च शिक्षाको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ । यस संस्थाले हाल आएर विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा संचालन भइरहँदा शैक्षिक तथा सामाजिक उत्तरदायित्व थपिएको छ । यस परिस्थितिमा यस क्याम्पसमा रहेका समस्या तथा चुनौतीहरु निम्नअनुसार छन् ।

१. भौतिक पूर्वाधारतर्फ यस क्याम्पसमा हाल दुई ठाउँमा भवन रहेपनि नयाँ भवनमा क्याम्पस संचालन गर्न नसकिनु र पुरानो भवनमा कक्षा कोठाको अभाव रहनु,

२. खेलमैदानको अप्रयाप्तता रहेकाले अतिरिक्त कार्यकलाप र खेल खेलाउन सार्वजनिक खेलमैदानको भर पर्न बाध्य हुनु,

३. प्राध्यापक र विद्यार्थी आवासको अभाव र नयाँ निर्माण गर्न जग्गा प्राप्त गर्न नसकिएको,

४. क्याम्पसलाई आवश्यक भवन निर्माण तथा शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न जग्गाको अभाव रहेको,

५. सबै कक्षा कोठामा स्मार्ट बोर्डको व्यवस्थापन गर्न नसकिएको,

६. विद्युतको वैकल्पिक व्यवस्थापन गर्न नसकिएको तथा सोलार प्यानल र इन्भर्टरको अप्रयाप्तता रहेको,

७. विषयगत प्राध्यापकको पूर्ण दरबन्दी व्यवस्थापन गर्न नसकिएको ,

८. विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्न नसकिएको,

९. प्राविधिक तथा व्यवसायिक विषयको पठनपाठन गराउन नसकेको,

१०. क्याम्पसको आर्थिक अभावका कारण प्राध्यापक तथा विद्यार्थीहरुलाई शैक्षिक तथा अध्ययन भ्रमणमा प्रेरित गर्न नसकिएको,

११. न्युन भर्नादर र बढ्दो कक्षा छोड्ने प्रवृत्ति र छात्रा विद्यार्थीहरुको अधिक अनुपात रहेकोले क्षेत्रभ्रमण तथा शैक्षिक भ्रमणमा समस्या देखिएको,

**समस्या समाधानका उपाय र प्रयासहरु**

१. विश्वविद्यालय अनुदान आयोग र सुदूरपश्चिम विश्वविद्यालयले क्याम्पसको भौतिक अवस्था र शैक्षिक स्थितिको मूल्याङ्कन गरी आवश्यक भौतिक संरचना र शैक्षिक जनशक्ति व्यवस्थापन गर्न भौतिक र आर्थिक सहयोग गर्नुपर्ने,

२. प्राविधिक र व्यवसायिक विषयको पठनपाठन गर्न र पूर्वाधार निर्माण गर्न विश्वविद्यालयले अनुमति दिनुपर्ने र सहयोग गर्नुपर्ने,

३. क्याम्पसमा कार्यरत सम्पूर्ण प्राध्यापक र कर्मचारीको सेवासुविधाको दायित्व विश्वविद्यालयले लिनुपर्ने र यसमा विश्वविद्यालय अनुदान आयोगले समेत सहयोग गर्नुपर्ने,

४. भर्नादर बढाउन र कक्षा छोड्ने प्रवृत्ति रोक्न दुर्गम छात्रवृत्ति कार्यक्रम अन्तर्गत विश्वविद्यालय

अनुदान आयोगले विशेष कोटामा सहयोग गर्नुपर्ने र दूर शिक्षा कार्यक्रम अन्तर्गत भर्चुअल कक्षा संचालन गर्न प्राविधिक उपकरणको सहयोग गर्नुपर्ने,

५. क्याम्पसको जग्गा व्यवस्थापन गर्न तथा जग्गा प्राप्तिका लागि स्थानीय समुदाय एवम् स्थानीय सरकारलेले सहयोग गर्नुपर्ने साथै विश्वविद्यालय अनुदान आयोग र सुदूरपश्चिम विश्वविद्यालयले जग्गा खरिदका लागि आर्थिक सहयोग गर्नुपर्ने ।

क्याम्पसका भौतिक तथा शैक्षिक समस्या समाधानका लागि सुदूरपश्चिम विश्वविद्यालयलाई पत्राचार गरिएको छ र यस क्याम्पसका समस्यालाई सुदूरपश्चिम विश्वविद्यालयमा अवगत गराई समाधानका लागि आग्रह गरिएको छ । क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारीको क्षमता अभिवृद्धिका लागि संस्थागत प्रयास तालिम कार्यशालामा सहभागिता गराइएको छ । छात्रावासको निर्माण गर्न स्थानीयवासीसँग जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाइएको छ । प्राध्यापकहरुलाई अध्ययन विदामा पठाइएको छ ।

**विद्यार्थी कल्याण तथा खेलकुद**

यस क्याम्पसमा अध्यापनरत विद्यार्थीको शैक्षिक विकाससँगै सर्वाङ्गीण विकासका लागि थप प्रयासहरु गरिएका छन् । विद्यार्थी कल्याण क्षेत्रमा गरिएका कार्य प्रगतिहरु यस प्रकार रहेका छन् ।

१. विद्यार्थीको पठनपाठनलाई प्रभावकारी बनाउन निरन्तर कक्षा अनुगमन निरीक्षण गरी विषय समिति र क्याम्पस प्रमुखबाट सल्लाह सुझाव दिइएको छ ।
२. विश्वविद्यालयको अतिरिक्त कार्यकलापको तालिकाको पूर्ण पालना र क्याम्पसका थप अतिरिक्त कार्यकलापसहित खेलकुद सहकार्यकलाप र अतिरिक्त कार्यकलाप व्यवस्थापन गरिएको छ ।
३. विद्यार्थी भर्नादर बढाउन र टिकाइ राख्न निरन्तर छात्रवृत्ति दिइदै आएको छ ।
४. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने छात्रवृत्तिका लागि विद्यार्थीलाई सहयोग र परामर्श दिइएको छ ।
५. कमजोर शैक्षिक स्थिति भएका विद्यार्थीहरुलाई आवश्यकताअनुसार अतिरिक्त कक्षा दिइदै आएको छ । जसको जिम्मा विषय शिक्षकहरुलाई दिइएको छ ।

**आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम**

१. गुणस्तर प्रत्याभूति तथा प्रत्यायन (QAA) अन्तर्गतका सम्पूर्ण कार्यहरुमा निरन्तरता दिदै विश्वविद्यालय अनुदान आयोगको अनुदान कार्यक्रमहरुमा सहभागिता जनाउने ।
२. विश्वविद्यालय अनुदान आयोगबाट सञ्चालित समतामा आधारित अनुदान अन्तर्गतका कार्यहरु परियोजना प्रस्तावअनुसार सञ्चालन गर्ने ।
३. क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुका लागि सेवाकालीन तालिम तथा कार्यशाला सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने छ ।
४. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रविधिमैत्री शिक्षण कार्यलाई प्रोत्साहन गरिने छ ।
५. क्याम्पस अन्तर्गतका विभिन्न समिति तथा उपसमितिहरुको सु-सञ्चालनका लागि विषयगत कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
६. सिकाइ क्षति भएका तथा सिकाइमा विशेष कक्षा आवश्यक पर्ने विद्यार्थी पहिचान गरी सुधारात्मक कक्षा सञ्चालन गरिने छ ।
७. स्थानीय तह, विभिन्न संघसंस्था तथा सरकारी निकायसँग सहकार्य गरी क्याम्पसको शैक्षिक भौतिक सुधारका लागि आवश्यक कार्य गरिने छ ।
८. क्याम्पसको शोधमूलक पत्रिका प्रकाशन कार्यलाई निरन्तरता दिइने छ भने विद्यार्थीको सिर्जनात्मक प्रतिभालाई सबलीकरण गर्न साहित्यक पत्रिकाको प्रकाशन गरिने छ ।
९. परीक्षाको पश्चमार्जन प्रमुखलाई सकारात्मक बनाउन अन्तक्रिया छलफल आयोजना गरिने छ र

विद्यार्थीको नतिजाको विश्लेषण गरी शैक्षिक सुधार गरिने छ ।

१०. शोध तथा अनुसन्धानमूलक विषयहरु, शोधपत्र लेखन, परियोजना कार्य, लघु अनुसन्धानलाई प्रभावकारी बनाउने अनुसन्धान व्यवस्थापन समिति मार्फत नियमन गरिने छ र शोधप्रस्ताव लेखन, शोधलेख लेखन, परियोजना प्रस्ताव लेखन सम्बन्धी कार्यशाला आयोजना गरिने छ ।

११. कर्मचारीहरुका लागि पाठशाला सफट्वेयर सञ्चालन सम्बन्धी तालिम दिइने छ ।

१२. विभिन्न विषयका विषयविज्ञहरुलाई आगन्तुक प्राध्यापकको रुपमा आमन्त्रण गरी भौतिक वा भर्चुअल कक्षा सञ्चालन गरिने छ ।

१३. सिकाइ अनुभवको स्थानान्तरण तथा साटासाट गर्न तथा शैक्षिक सुधारका लागि गरिएका सकारात्मक प्रयासहरु आदानप्रदान गर्न विभिन्न शैक्षिक संस्था र खासगरी QAA प्राप्त क्याम्पसको शैक्षिक तथा अनुगमन भ्रमण गरिने छ ।

१४. प्राध्यापकहरुको वृत्ति विकास तथा प्राज्ञिक उन्नयनका लागि उच्च अध्ययनको अवसर प्रदान गरिने छ । यसका लागि बिदा स्वीकृति, आर्थिक सहयोग गरी आवश्यक पहल गरिने छ ।

१५. विशुद्व प्रयोगात्मक विषयहरु तथा अभ्यास शिक्षण जस्ता विषयलाई शैक्षिक सत्र अन्तर्गत शिक्षण विषयका रुपमा राखी निरन्तर अभ्यास गराइने छ ।

१६. क्याम्पसमा छात्रावास, परीक्षा हल, प्राध्यापक कर्मचारी आवास, परामर्श शाखा निर्माण गर्न आन्तरिक तथा बाह्य स्रोतहरु पहिचान तथा खोजी गरी निर्माण कार्य अगाडी बढाइने छ ।

१७. बिहानी सत्रका विद्यार्थीहरुलाई क्याम्पसमा पहुँच सजिलो होस् भन्नका लागि दातृ निकायसँग क्याम्पस बसका लागि माग गरिने छ ।

१८. यस क्याम्पसका लागि आवश्यक पर्ने प्राध्यापक र कर्मचारीको दरबन्दी पूर्तिका लागि विश्वविद्यालयसँग दरबन्दी माग गरिने छ ।

१९. क्याम्पसको प्रशासनिक कार्यलाई छिटो छरितो र सुलभ बनाउन सम्पूर्ण फाँटलाई एकै स्थानमा प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

२०. क्याम्पसको सूचना तथा सञ्चार प्रणालीलाई व्यवस्थित गर्न वेबसाइट अपडेट र आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ साथै सूचना सम्प्रेषणका थप माध्यमको उपयोग गरिने छ ।

२१. क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य परीक्षणका लागि जिल्ला अस्पताल दार्चुलासँग समन्वय गरी कार्य अगाडी बढाइने छ ।

२२. विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका लागि क्याम्पसमा अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलाप अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिने छन् ।

२३. उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुको संख्यामा वृद्वि गर्न जिल्लाभित्रका कक्षा १२ सम्म पढाइ हुने विद्यालय तथा अन्य छिमेकी जिल्लाका विद्यालयहरुमा समेत भेटघाट गरी यस क्याम्पसको भर्ना दर बढाइने छ ।

२४. क्याम्पसमा भर्ना भई बीचमा कक्षा छोड्ने विद्यार्थीहरुको संख्या घटाउन विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२५. क्याम्पसको लागि आवश्यक जग्गा प्राप्तिका लागि स्थानीय सरकार तथा स्थानीयवासीहरुसँग भेटघाट समन्वय गरी प्रयास गरिने छ ।

२६. क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमा छात्रा विद्यार्थीहरुको संख्या बढी भएको छात्रामैत्री कक्षाकोठाको साथै छात्राहरुका लागि छात्रामैत्री शौचालयको थप प्रबन्ध मिलाइने छ ।

२७. क्याम्पसको वातावरण सरसफाईका लागि हरियाली कार्यक्रमलाई निरन्तरता दिइने छ तथा बाह्य रुपमा पनि स्टाफ विद्यार्थीहरुको सहभागीतामा वृक्षारोपण लगायतका सार्वजनिक स्थलहरूमा पनि यस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

२८. मानविकी तथा सामाजिकशास्त्र सङ्कायको स्नातक तहतर्फ का Social Work, Global studies, Public Adminstration आदि विषयहरू थप गरिनुको साथै प्राविधिक धारतर्फका विषयहरू पनि थप गरिने छन् ।

२९. जग्गाको व्यवस्था मिलाई छात्रा छात्रवास र शिक्षक कर्मचारी आवासगृहको व्यवस्थाका लागि पहल

गरिनेछ ।

३०. क्याम्पसमा रहेको पुस्तकालयलाई ई-लाइब्रेअरीमा स्तरोन्नति गर्न आवश्यक पहल गरिनेछ ।

३१. क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीलाई सेवा प्रवाहमा सहजताका लागि आवश्यक ल्यापटप, स्मार्टबोर्ड लगायतका सामग्री खरिद गर्न विश्वविद्यालयसँग आर्थिक सहयोग माग गरिने छ ।

३२. जिल्लामा रहेका स्थानीय तहहरूसँगको सहकार्य र सहयोगमा लोक सेवा तथा शिक्षक सेवाका कक्षाहरू सञ्चालन गरिने छ ।

३३. समाजमा देखा परेका विभिन्न अपराधजन्य क्रियाकलाप न्यूनिकरण गर्न जिल्ला स्थित विभिन्न सरकारी कार्यालय एवम् सामाजिक संघसंस्थाको सहकार्यमा जनचेतनामूलक तथा कानुनी परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. वित्तिय साक्षरतामा विद्यार्थीहरूको ज्ञानको अभिवृद्धि गर्न विभिन्न वित्तीय संस्था तथा विमा कम्पनीको साझेदारीमा वित्तिय साक्षरता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

********